**मिति: २९ पुष २०८०**

**माननीय रेखा शर्माज्यू,**
**मन्त्रि, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सिंहदरवार, काठमाडौं**

**बिषयः सामाजिक सञ्जालको प्रयोग तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक उपर नागरिक समाज संस्थाहरूको टिप्पणी र सुझाव**

**महोदय,**

नेपाल सरकार सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले ***सामाजिक सञ्जालको प्रयोग तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक*** तयार गरी मन्त्रालयको वेबसाइटमार्फत २०८० पुष १२ गते, बिहिवार, सार्वजनिक गर्दै विधेयकमाथी १५ दिनभित्र सूझाव आह्वान गरेको छ । कानून निर्माण प्रकृया (अन्तिम मस्यौदा तयारीको प्रकृया) मा सबै सरोकारवालाहरुलाई सहभागी गराई सुझाव संकलन गर्ने सरकारको यस निर्णयका लागि हामी नागरिक समाज संस्थाहरू नेपाल सरकारलाई धन्यवाद दिन चाहन्छौं ।

सामाजिक सञ्जालको प्रयोग तथा नियमनका सम्बन्धमा सरकारले बिभिन्न समयमा कानुन वा निर्देशिका मार्फत नियमन गर्न खोजेको बारेमा हामी सरोकारवालाहरू जानकार नै छौं । मिती २०८० मंसिर ११ मा सरकारले ल्याएको  सामाजिक सञ्जालको प्रयोग तथा नियमन निर्देशिकाले नागरिकको मौलिक हकमा पारेको प्रभाव सरकारलाई जानकारी भएको नै बिषय हो ।

यस मस्यौदामा उल्लेख भएका विषयसँग प्रत्येक नागरिकको अभिव्यक्ति स्वतन्त्रता, गोपनियताको हक, तथ्याङ्क सुरक्षा तथा सञ्चारको हक लगायतका मौलिक हक अधिकारहरुका विषय प्रत्यक्ष रूपमा जोडिएका छन् । यसै कारण हामी नागरिक तथा नागरिक समाज संस्थाहरुले यस विषयलाई गम्भिरताका साथ लिई आएका छौं । सरकारले तयार गरेको यो मस्यौदा विधेयक यदि यहि स्वरुपमा मन्त्रालयबाट अगाडि बढी संसदबाट पारित भई कानूनका रुपमा लागु भएमा यसले नेपाली नागरिकहरुको संविधान तथा कानूनद्वारा सुरक्षित इन्टरनेट

स्वतन्त्रता, डिजिटल अधिकार, अभिव्यक्ति स्वतन्त्रताको अधिकार, तथ्याङ्क सूरक्षा लगायत कानूनको संरक्षण, फौजदारी न्यायको हकलगायतका विषयमा अपुरणीय क्षति हुन जाने देखिन्छ । साथै, सामाजिक सञ्जालको बढ्दो प्रयोग र त्यसको दुरूपयोगको सम्वन्धमा नागरिकको अपेक्षा र बर्तमानको आवश्यकता अनुसार जुन उद्देश्य पुरा गर्न वा जुन आवश्यकतालाई सम्बोधन गर्न कानून ल्याइनुपर्ने हो, यो मस्यौदाले त्यो आवश्यकता समेत पुरा नहुने प्रष्ट छ ।

बिधेयकको मस्यौदाको यस अवस्थालाइ मध्यनजर गरी यो बिधेयकमा निहित जोखिमहरुलाई सम्बोधन गर्न नागरिक समाजले प्रस्तुत विधेयक, इन्टरनेट नियमनका अन्तर्राष्ट्रिय सिद्धान्त तथा अभ्यास, संयुक्त राष्ट्र संघको मानव अधिकारका विश्वव्यापी सिद्धान्त, डिजिटल अधिकार र स्वतन्त्रताका विश्वव्यापी मापदण्ड, युनेस्कोको सामाजिक सञ्जाल नियमन सम्वन्धी मापदण्ड, नेपाली समाजको इन्टरनेट नियमन आवश्यकता, नेपालमा प्रचलित कानूनमा भएका इन्टरनेट नियमनसम्बन्धी प्रावधानहरु समेतको अध्ययन तथा विश्लेषण गरी यो सुझाव पत्र तयार गरिएको छ।

यस सुझाव पत्र तयार गर्ने सम्वन्धमा डिजिटल राइट्स नेपालको समन्वयमा २०८० पुष २० मा नागरिक संस्था तथा सरोकारवालाहरूको बिचमा गहन छलफल गरी बिज्ञ अधिकारकर्मीहरुको सुझावसमेत संकलन गरिएको थियो । यसै गरी, डिजिटल फ्रिडम कोअलिसन तथा संबैधानिक कानुन मंचको सहकार्यमा यहि पौष २४ गते वरिष्ठ कानून व्यवसायीहरु समेतको सहभागितामा छलफल गरी प्रस्तावित विधेयक मस्यौदाको कानुनी विश्लषण तथा सुझाव संकलन गरिएको थियो । यसरी विज्ञ तथा सरोकारवालाहरु सबैको सुझावहरूलाइ एकै ठाउँमा एकिकृत गरी यो सुझाव पत्र तयार गरिएको हो । यस प्रकृयामा डिजिटल राइट्स नेपाल संस्थाले समन्वयकारी भुमिका निर्वाह गरेको थियो ।

यस सुझाव पत्रमा विधेयकमा निहित सैद्धान्तिक समस्याको पहिचान र सुझावहरुका अतिरिक्त विधेयकमा रहेका समस्याहरुलाई बुँदागत रुपमा तीन महलेमा उल्लेख गरी अनुसुचिमा समावेश गरिएको छ ।

प्रस्तुत सुझाव पत्र मन्त्रालय समक्ष प्रस्तुत गर्दै हामी नागरिक तथा नागरिक समाज संस्थाहरू यस मस्यौदाले नागरिक अधिकारलाइ संकुचन गर्ने र कानुनी प्रवन्धको बर्तमान आवश्यकतालाई संवोधन नगर्ने हुँदा यो मस्यौदा खारेज गरी नागरिक संस्था तथा सरोकारवालाहरूको सुझावलाई सम्बोधन  गरी नयाँ मस्यौदा तयारी गर्न वा यो मस्यौदामा आमुल परिवर्तन गरी परिवर्तित मस्यौदा मात्र अगाडी बढाउन जोडदार माग गर्दछौं । नयाँ मस्यौदाको तयारी वा यो मस्यौदामा आमुल परिवर्रत गर्ने सम्वन्धमा मन्त्रालयलाइ आवश्यक सहयोग तथा सहकार्यका लागि नागरिक समाज संस्थाहरू प्रतिवद्ध रहेको जानकारी गराउँछौं ।

## सुझाव पत्र प्रस्तुत गर्ने सरोकारवाला संस्था तथा व्यक्तिहरु

| क्र.स. | नागरिक समाज संस्था/नागरिक | हस्ताक्षरकर्ता | फोन |
|---|---|---|---|
| १ | डिजिटल राइट्स नेपाल | टंकराज अर्याल, अध्यक्ष | 9851075026 |
| २ | डिजिटल फ्रिडम कोअलिसन | बाबुराम अर्याल, अध्यक्ष | 9851048401 |
| ३ | चाईल्ड सेफनेट | अनिल रघुवंशी, अध्यक्ष | 9841115353 |
| ४ | फ्रिडम फोरम | तारानाथ दाहाल, संस्थापक/प्रमुख कार्यकारी | 9851061389 |
| ५ | नेपाल इन्टरनेट फाउन्डेसन | विक्रम श्रेष्ठ, अध्यक्ष | 9801000044 |
| ६ | मिडिया एड्भोकेसी ग्रुप | बबिता बस्नेत, संस्थापक अध्यक्ष | 9851075373 |
| ७ | माईसंसार | उमेश श्रेष्ठ | 9851124184 |
| ८ | कर्णाली फाउन्डेसन | नारायण प्रसाद भट्टराई, संस्थापक/अध्यक्ष | 9851196985 |
| ९ | सूचनाको हकका लागि राष्ट्रिय महासंघ | उमिद वागचन्द | 9858425961 |
| १० | सामुदायिक सारथी | तारा बहादुर भण्डारी | 9841460197 |

| | | | |
|---|---|---|---|
| ११ | इन्फर्मेसन सेक्युरिटि रेस्पन्स टिम नेपाल (एनपीसर्ट) | चिरन्जिवी अधिकारी, अध्यक्ष | 9860664392 |
| १२ | सेन्टर फर साईवर सेक्युरीटि रिसर्च एण्ड इन्नोवेसन (सिएसआरआई) | प्रा. डा. सुवर्ण शाक्य, अध्यक्ष | 9851032303 |
| १३ | यूथ इन्टरनेट गवर्नेन्स फोरम (आईजिएफ) नेपाल | आनन्द गौतम, अध्यक्ष | 9847653969 |
| १४ | एडुकेटिंग नेपाल | आशिर्वाद त्रिपाठी, सह-संस्थापक तथा अध्यक्ष | 9841255623 |
| १५ | सेन्टर फर मिडिया रिसर्च-नेपाल | उज्ज्वल आचार्य, संस्थापक अध्यक्ष | 9851172148 |
| १६ | मिडिया फोर जी नेपाल | विनय गुरागाँई, अध्यक्ष प्रमुख कार्यकारी | 9851127155 |
| १७ | एमनेष्टि इन्टरनेसनल नेपाल | निराजन थपलिया, निर्देशक | 9851014452 |
| १८ | पर्पल फाउन्डेसन | निलम शर्मा, अध्यक्ष | 9851131222 |
| १९ | नेपाल डिजिटल लिड्स | आनन्द राज खनाल, अध्यक्ष | 9851100467 |
| २० | मिडिया एक्सन नेपाल | लक्ष्मण दत्त पन्त, अध्यक्ष | 9851033539 |
| २१ | डिजिटल मिडिया फाउन्डेसन | प्रवेश सुवेदी, अध्यक्ष | 9851180905 |
| २२ | अनलाईन टेलिविजन पत्रकार संघ | जिवन भण्डारी, अध्यक्ष | 9851002240 |
| २३ | दि स्टोरी किचेन | जया लुईटेल, सह-संस्थापक तथा अध्यक्ष | 9851066665 |
| २४ | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | कुन्दन अर्याल, अध्यक्ष | 9851000811 |
| २५ | संचारिका समूह | बिमला तुम्खेवा, अध्यक्ष | 9841323484 |
| २६ | टेक जर्नोज फोरम (टिजेएफ) | उमेश पौडेल, अध्यक्ष | 9841674772 |
| २७ | गभर्नेन्स इन्टर्नेशनल, नेपाल (जी आई एन ) | सञ्जीव घिमिरे, निर्देशक | 9841429616 |

| | | | |
|---|---|---|---|
| २८ | सिविन नेपाल | माधव प्रधान, अध्यक्ष | 9851035520 |
| २९ | इन्टरनेट गभर्नेन्स इन्सटिच्यूट | उमेश रघुवंशी, सह-संस्थापक | 9851068982 |
| २९ | फोरम फर डिजिटल इक्वालीटि | सुरज अधिकारी, महासचिव | 9851000301 |
| ३० | एड्भोकेसी फोरम | विकास बस्नेत, निर्देशक | 9851169822 |
| ३१ | एन्टेना फाउन्डेसन | राजन पराजुली, अध्यक्ष | 9851044446 |
| ३२ | सेफर नेपाल अलायन्स (सेफ्नेप) | कमला अधिकारी, कार्यकारी निर्देशक | 9860688916 |
| ३३ | नेपाल रिसर्च एण्ड एजुकेसन नेटवर्क | डा. राजन पराजुली, कार्यकारी निर्देशक | 9841691520 |
| ३४ | अकाउन्टाविलिटि ल्याब | नारायण अधिकारी, सह-संस्थापक तथा कार्यकारी प्रमुख | 9801142799 |
| ३५ | सूचना र मानव अधिकार अनुसन्धान केन्द्र | विश्वजीत तिवारी, अध्यक्ष | 9858025742 |

# प्रस्तावित विधेयकमा रहेका मूल समस्याहरू

**१. विधेयक आफ्नो उद्देश्यमा स्पष्ट छैन ।**

यस विधेयकको प्रस्तावनामा 'सामाजिक सञ्जालको प्रयोगलाई **मर्यादित,** सुरक्षित र व्यवस्थित प्रयोग गर्न' भनी उल्लेख गरिएको छ भने विधेयकको दफा ६ अन्तर्गत स्थापना हुने सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रको काम, कर्तव्य, अधिकार (दफा ७(छ)) मा उक्त केन्द्रको काम *'सामाजिक सञ्जाल प्लेटफर्म र सामाजिक सञ्जाल प्रयोगकर्तालाई नैतिकता र मर्यादामा रही विषयवस्तु सम्प्रेषण गर्न अभिमुखीकरण गर्ने'* भनी उल्लेख गरिएको छ । यसरी ऐनले व्यक्ति तथा नागरिकले कानूनी रुपमा कुन कार्य गर्न हुन्छ वा कुन कार्य गर्न हुँदैन भनी कसुर कायम गरि व्यक्तिको कृयाकलाप तथा व्यवहार निर्धारण गर्ने भन्दा पनि नैतिकता तथा मर्यादा जस्ता विषयमा प्रवेश गरी नैतिक नियमन (Moral Policing) गर्न खोजेको छ, जुन कुनै पनि कानूनको उद्देश्य हुनुहुँदैन । त्यसैगरी विधेयकको प्रस्तावनामा यस कानूनको उद्देश्य सुशासन प्रवर्द्धन गर्ने भनिए पनि शुसासन प्रवर्द्धनसम्बन्धि कुनै पनि प्रावधान छैनन् ।

**२. सामाजिक सञ्जालका सामग्रीको नियमनमा सैद्धान्तिक स्पष्टताको अभाव**

विधेयकका विषयवस्तुलाई हेर्दा विधेयकले मुलत: सामाजिक सञ्जालका सामग्रीको नियमन र सामाजिक सञ्जाल प्लेटफर्मको नियमन गर्न खोजेको देखिन्छ । यि दुई भिन्न विषयवस्तु हुन् । इन्टरनेटका सामग्रीको नियमनको दृष्टिकोणबाट हेर्दा सामाजिक सञ्जाल इन्टरनेटको एक पाटो मात्र हो, इन्टरनेटभन्दा भिन्न होईन । इन्टरनेटलाई नियमन गर्ने सबै प्रचलित वा भविष्यमा बन्ने नियम कानूनहरु सामाजिक सञ्जालका हकमा पनि समान रूपमा लागु हुन्छन् । त्यसैकारण सामाजिक सञ्जालमा भएका वा सामाजिक सञ्जालमा सिर्जना हुने सामग्रीका लागि अतिरिक्त रुपमा छुट्टै नयाँ नियम वा कानून आवश्यक हुँदैन । उदाहरणका लागि इन्टरनेटमा हुने मिथ्या सूचनाका लागि छुट्टै कानून र सामाजिक सञ्जालबाट प्रवाह हुने मिथ्या सूचनाका लागि छुट्टै कानून आवश्यक पर्दैन । त्यत्सैगरी इन्टरनेटमा हुने गालि वेइज्जतीका लागि एक कानून र सामाजिक सञ्जालमा हुने गालि वेइज्जतीका लागि अर्को कानून बनाईनुपर्ने होईन ।

यदि नेपाली कानूनमा अनलाईन, विद्युतिय माध्यम र सामाजिक सञ्जाल भनी फरक फरक किसिमको व्यवस्था गर्ने हो भने यसले कानूनी दुरुहता सिर्जना गरी दोषीले उन्मुक्ती पाउने, विद्युतिय माध्यम र सामाजिक सञ्जालका लागि प्रत्येक कसुरलाई दुई भिन्न-भिन्न स्थानमा कानूनी व्यवस्था गरिनुपर्ने स्थिति सिर्जना हुन जान्छ । तसर्थ कानून मस्यौदाका क्रममा कानून मस्यौदाकार तथा विधायिका इन्टरनेट, अनलाइन वा विद्युतिय माध्यम एकै हुन्, र यस्ता प्लेटफर्महरुमा सामग्रीको नियमन (content regulation) का लागि छुट्टाछुट्टै कानून बनाउनुपर्ने होइन भन्ने विषयमा स्पस्ट हुनु जरूरी छ ।

सामाजिक सञ्जाललाई नियमन गरिनु पर्ने भन्नेमा कुनै विवाद छैन तर छुट्टै ऐनको औचित्य छ/छैन भन्ने प्रश्न प्रमुख हो। मन्त्रालयले बेलाबेला सुचना प्रविधि विधेयकमा काम भईरहेको भनिरहेको बेलामा सोहि विधेयकमा राख्न सकिने विषयलाई छुट्टै ऐन बनाउन आवश्यक हुदैन। छिमेकी देश भारतको अभ्यास हेर्ने हो भन्ने पनि भारतले सुचना प्रविधि ऐन, २००० को अधिनमा रहि आएको इन्टरमेडेरिज गाइडलाइन (intermediaries guidelines) ले नै सामाजिक सञ्जाल प्ल्याटफर्मको नियमन गरिआएको छ ।

### ३. अभिव्यक्ति स्वतन्त्रता उपर अनावश्यक बन्देज

नेपालको संविधानको धारा १७ (२)(क) ले प्रत्येक नेपाली नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गरेको छ। यस्तो विचार तथा अभिव्यक्ति स्वतन्त्रता अफलाइनमा मात्र नभई अनलाइनमा वा इन्टरनेटमा पनि समान रुपमा उपलब्ध हुन्छ। यस सम्बन्धमा संयूक्त राष्ट्र संघको मानव अधिकार समितिले अफलाइनमा रहेका अधिकारहरू र त्यसमा पनि विशेषगरी अभिव्यक्ति स्वतन्त्रताको अधिकार अनलाइनमा पनि समान रुपले संरक्षण गरिनुपर्छ भनी घोषणा गरेको छ । "The same rights that people have offline must also be protected online, in particular freedom of expression"

(https://documents-dds-ny.un.org/doc/RESOLUTION/GEN/G12/153/25/PDF/G1215325.pdf?OpenElement)

संसदले विचार तथा अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाउने कुनै पनि कानून बनाउँदा संविधानको धारा १७ (२)(क) को प्रतिवन्धात्मक वाक्यांशले तोकेको सिमाभित्र रही निर्माण गर्नुपर्ने हुन्छ। तर यस विधेयकमा प्रस्ताव गरिएका कतिपय प्रावधानहरुले संविधानले तोकेको सिमाभन्दा बाहिर गई विचार तथा अभिव्यक्ति स्वतन्त्रतामा अनावश्यक बन्देज लगाएका छन्, साथै कानून कार्यान्वयनका लागि खडा गरिएको सामाजिक सञ्जाल व्यवस्थापन केन्द्र (दफा ७) तथा सम्बद्ध निकायका रूपमा तोकिएका सूचना तथा प्रसारण विभाग, विज्ञापन बोर्ड, प्रेस काउन्सिल नेपाल, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल प्रहरी (दफा ८) लाई सामाजिक सञ्जालका सामग्री हटाउन आदेश दिने अधिकार दिँदा (दफा ८-२) अभिव्यक्ति स्वतन्त्रतामा अनावश्यक बन्देज लाग्ने हुन्छ ।

### ४. सञ्चारको हकउपर अनावश्यक बन्देज

नेपालको संविधानले धारा १९ मा सञ्चारको हक सुनिश्चित गरेको छ भने सञ्चारको हकअन्तर्गत अनलाइन सञ्चार माध्यमलाई पनि समेटेको छ। अनलाइन माध्यमकै रुपमा रहेका सञ्चारमाध्यम बाहेक आमसञ्चार माध्ममका रूपमा रहेका छापा, रेडियो, टेलिभिजनको समेत वेवसाइट, भिडियो पोर्टल, तथा सामाजिक सञ्जालमा विस्तार भएका छन् । सञ्चारको हक अन्तर्गत संविधानले विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा

प्रसारण गर्ने वा सूचना प्रवाह गर्ने वा छाप्न पूर्व प्रतिबन्ध नलगाइने (धारा १९-१), रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत नगरिने (धारा १९-२), कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध नगरिने (धारा १९-३) सुनिश्चितता गरेको छ। प्रस्तावित सामाजिक सञ्जाल (प्रयोग तथा नियमन) ऐन सञ्चारमाध्यमका हकमा पनि अन्य प्रयोगकर्ताका सरह समान रुपमा लागु हुन्छ र यसमा दिइएका अधिकार अन्तर्गत सामाजिक सञ्जाल व्यवस्थापन केन्द्र वा सम्बद्ध निकाय वा सामाजिक सञ्जाल प्लेटफर्मले आमसञ्चारमाध्यमका सामाजिक सञ्जालमा रहेका समाचारलगायत कुनै पनि पोष्ट कुनै पनि समयमा हटाउनका लागि आदेश जारी गर्ने वा हटाउन सक्नेछन् । यस्तो सिमाविहिन अधिकारले नेपालको संविधानले प्रस्तावनामै अंगिकार गरेको प्रेस स्वतन्त्रता तथा धारा १९ मा व्यवस्था गरेको सञ्चारको हकउपर अनावश्यक बन्देज सिर्जना गरेको छ।

**५. संगठित हुने मौलिक अधिकार उपरको अनुचित बन्देज**

सामाजिक संजाल तथा इन्टरनेटमा मानिसहरु आफ्नो औपचारिक पहिचान विना जोडिन सक्छन्। यसरी बेनामी रुपमा सामाजिक सञ्जालको प्रयोग गर्दा व्यक्तिले आफ्नो गोपनियताको उच्चतम सुरक्षा गर्न सक्छ, जसले गर्दा नै उनीहरु आफ्नो व्यक्तिगत जानकारी प्रकट नगरी कुनै भय बिना अनलाइनमा संगठित हुन सक्छन्। यो सामाजिक सञ्जाल एवं इन्टरनेटको एक विशेषता हो। यही विशेषताले गर्दा विभिन्न पृष्ठभूमीका मानिसहरु, विशेष गरि सीमान्तकृत एवं पिछडिएका समूहका मानिसहरुले आफ्नो पहिचान सुरक्षित हुँदा सहज रुपमा आफ्ना विचार व्यक्त गर्न एवं अनलाइन स्पेसमा संलग्न हुन सक्छन्। साथै यस विशेषतालाई नागरिकले आफ्नो सरकारलाई जवनफदेही बनाउन एक उपकरणको रुपमा प्रयोग गर्न सक्छन् । भ्रष्टाचार वा दुर्व्यवहारको पर्दाफास गर्ने शंखघोषक (whistleblower) एवं व्यक्तिहरुले आफूलाई प्रतिशोधबाट जोगाउन बेनामी पहिचानमा भर पर्दछन्। यो अभिव्यक्ति स्वतन्त्रताको एक पाटो पनि हो। अनलाइनमा अज्ञात रहने अधिकार (Right to Online Anonymity) का सम्बन्धमा अभिव्यक्ति स्वतन्त्रताको विषयमा काम गर्ने विश्वव्यापी रुपमा परिचित संस्था आर्टिकल१९ (Article19) ले तयार गरेको यस पुस्तिकामा यस सम्बन्धी अन्तरराष्ट्रिय सिद्धान्त तथा मापदण्ड उल्लेख छ।

https://www.article19.org/data/files/medialibrary/38006/Anonymity_and_encryption_report_A5_final-web.pdf

यस विधेयकको दफा २२ ले ***बेनामी वा छद्मभेषी पहिचान (फेक आइडी, पेज, ग्रुप) बनाउन वा प्रयोग गर्न नहुने*** भनि व्यवस्था गरेको छ। विधेयकले 'बेनामी वा छद्मभेषी पहिचान' भनेको के हो भनी परिभाषा गरेको छैन। त्यसैगरी दफा २२ को उपदफा २ मा *'कसैले आफ्नो वास्तविक परिचय लुकाई अवास्तविक .... आइडी वा पेज वा ग्रुप खोल्न वा प्रयोग गर्न हुदैन'* भन्ने व्यवस्था गरेको छ। यसरी बेनामी वा छद्मभेषी पहिचान भनेको के हो भनी परिभाषा पनि नगरी तथा बास्तविक पहिचान विना सामाजिक संजाल प्रयोग गर्न नपाउने भन्ने व्यवस्थाले व्यक्तिको संगठित हुने अधिकार उपर अनुचित बन्देज लगाउँछ। यस्तो प्रावधानले व्यक्तिहरुलाई स्वतन्त्र रुपमा आफ्ना विचारहरु व्यक्त गर्न, अनलाइन छलफलहरुमा भाग लिन वा संगठित हुनबाट निरुत्साहित गर्न सक्छ।

नेपालको संविधानको धाराले संगठित हुने अधिकारलाई मौलिक अधिकारको रुपमा व्यवस्था गरेको छ। संगठित हुने भनेको औपचारिक तथा अनौपचारिक दुवै रुपमा हुन सकिने हुन्छ। संविधानले कतै पनि अनौपचिक रुपमा संगठित हुन नहुने भनि कतै पनि उल्लेख नगरेको अवस्था छ तर यस विधेयकको दफा २२ लाई हेर्दा केवल औपचारिक संगठनलाई मात्र अनलाइनमा संगठित हुन दिने व्यवस्था गरेको जस्तो देखिन्छ। विधेयकले बेनामी वा छद्मभेषी पहिचानका आइडी, पेज, ग्रुपलाई पनि फेक आइडी, पेज, ग्रुपको रुपमा परिभाषित गरेको छ। यसले वैध उद्देश्यका साथ खोलिएका खाताहरु जस्तै whistleblower खाताहरु, कसैको समर्थनका लागि खुलेका पेजहरु, वा संवेदनशील मुद्दाहरुमा छलफल गर्नका लागि खोलिएका फोरमहरु एवं मनोरञ्जनको उद्देश्यले खोलिएका ट्रोल पेज, फ्यान पेज लगायतका आइडी, पेज, ग्रुपहरु समेतमा बन्देज लगाएको छ।

## ६. गोपनियताको हकसम्बन्धी संबैधानिक प्रत्याभुती विपरित

नेपालको संविधानको धारा २८ र वैयक्तिक गोपनियता सम्बन्धी ऐन २०७५ ले प्रत्येक व्यक्तिको गोपनियताको अधिकार सुनिश्चित गरेको छ। संविधानको धारा २८ मा कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ भन्ने व्यवस्था छ भने वैयक्तिक गोपनियता सम्बन्धी ऐन

२०७५ को परिच्छेद ९ दफा १९ मा विद्युतिय माध्यमको गोपनीयता हुने प्रावधान अन्तर्गत प्रत्येक व्यक्तिलाई विद्युतिय माध्यममा रहेको निजको कुनै पनि वैयक्तिक सूचना, लिखत, पत्राचार, तथ्याङ्क वा चरित्र सम्बन्धी कुराको गोपनीयता राख्न पाउने अधिकार हुनेछ भन्ने व्यवस्था रहेको छ। तर प्रस्तावित विधेयकको केहि प्रावधान व्यक्तिको गोपनियता सम्बन्धी संवैधानिक र कानुनी अधिकारको प्रत्याभुती विपरित रहेका छन् । यस विधेयकको दफा ७ को उपदफा (क) ले सामाजिक सञ्जाल प्लेटफर्मको **नियमित अनुगमन तथा निरीक्षण गरी प्रकाशन र प्रशारण गर्न उपयुक्त नदेखिएका सामग्री हटाउन**को लागि सम्बन्धित सामाजिक सञ्जाल प्लेटफर्मलाई सम्पर्क विन्दुमार्फत निर्देशन दिने अधिकार सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रलाई दिएको छ। सामाजिक सञ्जाल प्लेटफर्मको नियमित अनुगमन तथा निरीक्षण भनेको नागरिकको अनलाइन स्पेसको निगरानी (online surveillance) हो, जसलाई प्रचलित कानुनले वैधानिकता प्रदान गर्दैन। वैयत्तिक गोपनियता सम्बन्धी ऐन २०७५ ले कानुनको अधिनमा रहेर अपराध अनुसन्धानको लागि अदालतको आदेशमा मात्र निगरानी गर्न मिल्ने व्यवस्थामा यस विधेयकले नियमित अनुगमन तथा निरीक्षणलाई वैधानिकता प्रदान गर्ने खोजेको देखिन्छ।

त्यस्तै, नागरिकको गोपनियता संरक्षण सम्बन्धी निति निर्धारण गर्ने कर्तव्य र जिम्मेवारी सरकारको हो भने राज्यले निर्धारण गरेको निति अनुरुप सामाजिक संजाल प्ल्याटफर्म लगायतका प्राइभेट कम्पनिले प्रयोगकर्ताको गोपनियता संरक्षण गर्नुपर्दछ, त्यो नै अन्तरराष्ट्रतिय अभ्यास हो। तर यस विधेयकको दफा १६ (ख) ले सामाजिक सञ्जाल प्रयोगकर्ताका वैयक्तिक विवरणको गोपनीयता कायम राख्न आवश्यक सुरक्षा मापदण्ड अवलम्बन गर्ने भन्ने व्यवस्था गरि प्राईभेट कम्पनिलाई गोपनियता निति निर्धारण गर्ने छुट प्रदान गरेको छ, जसले गर्दा भिन्न भिन्न कम्पनिको आ-आफ्नो स्वार्थ बमोजिमको गोपनियता निति बनाउने, यस्ता नितिमा एकरुता नआउने स्थिति रहन्छ भने नगारिकको गोपनियता सम्बन्धी अधिकारमा पनि प्रत्यक्ष असर पर्दछ।

### ७. कसुर सम्बन्धि प्रावधानहरुको दोहोरो व्यवस्था

इन्टरनेटमा सामग्रीको नियमनका सम्बन्धमा नेपालले विभिन्न कानूनहरुमार्फत व्यवस्था गरेको छ । कतिपय कानूनी प्रावधानमा प्रत्यक्ष रूपमा इन्टरनेट वा विद्युतिय माध्यम भनी उल्लेख नभएता पनि ति कार्यहरु अफलाइन सरह अनलाइनमा पनि कसुर नै रहने हुँदा अनलाइनमा

भएका कानून विपरितका कार्यमा ति कानूनहरु लागु हुन्छन् । प्रचलनमा रहेका केहि कानूनमा निहित सैद्धान्तिक समस्याहरुका वावजुद ति प्रावधानहरु कानूनी रुपमा कार्यान्वयनमै रहेका छन् । ती मध्ये मुख्य प्रावधान यस प्रकार रहेका छन् ।

**(क) विद्युतिय कारोबार ऐन २०६३**

दफा ४७*:* कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरुमा प्रचलित कानूनले प्रकाशन तथा प्रर्दशन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरु वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदायबीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने, *महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

**(ख)** बालबालिका सम्बन्धी ऐन २०७५

दफा ६६***(२)***

*(ग)* बालिगहरूका लागि भनी तोकिएका चलचित्र, अन्य श्रव्यदृष्य जस्ता सामाग्री देखाउने,

*(च)* विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने,

दफा ६६***(३)***

*(क)* अश्लील चित्र, श्रव्यदृष्य वा यस्तै किसिमका अन्य सामाग्री देखाउने वा देखाउन लगाउने वा अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रर्दशन गर्ने वा बाल अश्लिलता प्रर्दशन गर्ने वा गराउने,

*(ख)* बालबालिकाको वास्तविक वा काल्पनिक अश्लील चित्र वा श्रव्यदृष्य सामाग्री वितरण गर्ने, भण्डारण गर्ने वा त्यस्ता सामाग्री प्रयोग गर्ने,

*(ग)* यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गने, फकाउने, दबाब दिने वा धम्काउने,

*(घ)* अश्लील कार्य तथा सामाग्री निर्माणमा प्रयोग गर्ने,

***(ग)*** मुलुकी अपराध संहिता २०७४

६९. सार्वजनिक शान्ति खलल पार्न नहुने: (१) कसैले लेखेर, वचनले वा आकार वा चिह्नद्वारा वा अरु कुनै किसिमबाट धर्म, वर्ण, जात, जाति, सम्प्रदाय वा भाषाको आधारमा नेपालका विभिन्न वर्ग, क्षेत्र वा समुदाायका व्यक्तिहरुका बिचको सुसम्बन्धमा खलल पार्ने काम गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

७०. झुठ्ठा अफबाह फैलाउन नहुने: (१) कसैले सार्वजनिक शान्ति भँग गर्ने, हूलदँगा गर्ने वा नेपालको सार्वभामैसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता वा विभिन्न जात, जाति वा सम्पद्राय बिचको सुमधुर सम्बन्ध लाई खलल पार्ने नियतले कसैलाई उक्साउने गरी नभए नगरेको अफबाह फैलाउन, प्रचार प्रसार गर्न वा नारा जुलुश गर्न हुँदैन ।

७० (२) उपदफा (१) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई एक वर्ष सम्म कैद र दश हजार रुपैयाँ सम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

११९. वेश्यागमनको प्रचार गर्न नहुने: (१) कसैले वेश्यागमनको लागि प्रचार, प्रसार गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाईं तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

१२१. अश्लिल किताब, पर्चा इत्यादि बनाउन  वा बिक्री गर्न नहुने: (१) कसैले सार्वजनिक रुपमा अश्लिल किताब, पर्चा बनाउने लगायतका देहायको कुनै काम गर्न हुँदैन:

(क) शारीरिक कामोत्तेजना बढाउने वा काम वासनामा आशक्त गराउने वा चरित्रहीन बनाउने कुनै अश्लील किताब, पर्चा, रेखाचित्र, चलचित्र, तस्वीर, रेकर्ड वा अरु कुनै वस्तु बनाउन, मुद्रण गर्न वा प्रकाशित गर्न वा विद्युतीय सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न हुँदैन ।

(ख) त्यस्तो अश्लील वस्तु खरीद बिक्री वा वितरण गर्न वा भाडामा दिन वा सर्वसाधारणलाई देखाउन वा त्यस्तो गर्ने नियतले आफ्ना साथमा राख्न हुँदैन ।

(ग) कुनै व्यक्तिबाट त्यस्तो अश्लिल वस्तु यस प्रकार प्राप्त हुन सक्छ भनी विज्ञापन दिन,

(घ) त्यस्तो अश्लिल वस्तु बिक्री वितरण गर्ने उद्देश्यले निकासी वा पैठारी गर्न वा आफुसँग बोक्न ।

*(२)* उपदफा *(१)* बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँ सम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

२९३*.* अर्काको कुरा सुन्न वा ध्वनी अङ्कन गर्न नहुने*: (१)* कसैले दुई वा दुई भन्दा बढी व्यक्तिहरुको विचमा भएका कुनै कुरा अधिकार प्राप्त अधिकारीको अनुमतिले वा त्यसरी कुरा गर्ने व्यक्तिहरुको मञ्जुरी विना कुनै यान्त्रिक उपकरणको प्रयोग गरेर सुन्न वा त्यस्तो कुराको ध्वनी अंकन गर्न हुँदैन ।

२९३ *(२)* उपदफा *(१)* बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्ष सम्म कैद वा बीस हजार रुपैयाँ सम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

तर सार्वजनिक रुपमा गरिएको भाषण वा वक्तव्यको हकमा यो दफा लागू हुने छैन ।

२९५*.* अनुमति विना कुनै व्यक्तिको तस्वीर खिच्न वा तस्वीरको स्वरुप बिगार्न नहुने*: (१)*कसैले कुनै व्यक्तिको अनुमति विना तश्वीर खिच्न वा निजको तश्वीरसँग अरु कसैको तश्वीर राखी अर्को तश्वीर वनाउन हुँदैन ।

तर*,* कसैले कुनै सार्वजनिक स्थानको तश्विर खिच्दा त्यस्तो स्थानमा रहेको कुनै व्यक्ति समेतको तश्विर खिचिन गएको रहेछ भने यस दफा बमोजिम कसूर गरेको मानिने छैन ।

२९५ *(२)* उपदफा *(१)* बमोजिमको कसूर गर्ने वा गराउने व्यक्ति लाई एक वर्ष सम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजायँ हुनेछ ।

२९५ *(३)* कसैले एकको तस्वीरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृत रुपको तस्वीर बनाउन वा प्रकाशन गर्न हुँदैन ।

२९५ *(४)* उपदफा *(३)* बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्ष सम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

२९६*.* अनुमति विना एकको तस्वीर अरुलाई दिन वा बिक्री गर्न नहुने*: (१)* कसैले कुनै व्यक्तिको तस्वीर निजको अनुमति विना अरुलाई दिन वा बिक्री गर्न वा निजलाई झिझयउन वा  सताउने*,* हैरान पार्ने वा निजबाट कुनै अनुचित फाईदा लिने वा तश्वीरको व्यापारिक प्रयोग गरी फाईदा लिन नियतले प्रकाशन गर्न प्रचार वा खरिद बिक्री गर्न हुँदैन ।

२९६ *(२)*उपदफा *(१)* बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्ष सम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

२९८. विद्युतीय माध्यमद्वारा गोपनीयता भङ्ग गर्न नहुने*:* *(१)* कसैले विद्युतीय माध्यममा रहेको वा प्रवाह हुने सूचना, जानकारी, पत्राचार अनधिकृत रुपमा प्राप्त गर्न त्यसको गोपनीयता भङ्ग गर्न वा अनधिकृत रुपमा कसैलाई हस्तान्तरण गर्न वा गराउन हँुदैन ।

*(२)* उपदफा *(१)* बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

३००. हैरान पार्ने बदनियतले चिठ्ठी पत्र लेख्न नहुने*:* *(१)* कसैलाई डर, त्रास वा दुःख वा हैरानी दिने, अपमान वा बेइज्जत गर्ने बदनियतले कुनै चिठ्ठी पत्र, पर्चा वा अन्य कुनै किसिमको लिखत लेखी, लेखाई वा विद्युतीय माध्यमद्वारा धम्की दिने, सताउने, जिस्क्याउने वा अन्य कुनै किसिमले अनुचित व्यवहार गर्न वा गराउन हुँदैन ।

*(२)* उपदफा *(१)* बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

३०६. बेइज्जती गर्न नहुने*:* *(१)* कसैले कसैको बेइज्जती गर्न हुँदैन ।

*(२)* उपदफा *(१)* को प्रयोजनको लागि कसैले देहाय बमोजिमको काम गरेमा निजले बेइज्जती गरेको मानिनेछ –

*(क)* अरुको इज्जतमा धक्का पुर्याउने नियतले वा धक्का पुग्न सक्छ भन्ने जानीजानी वा विश्वास गर्ने मनासिब कारण भई लेखेर,आचरण वा आकार वा चिह्न वा प्रचार प्रसारद्वारा वा अरु कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले त्यस्तो व्यक्तिलाई अरुको दृष्टिमा निजको व्यक्तिगत चरित्र, आचरण, नैतिकता वा ख्यातिलाई होच्याउने गरी चरित्र हत्या गरेमा वा निजको शरीर सामान्यतः घृणित अवस्थामा छ भन्ने अरुलाई विश्वास पर्ने गरी दोष लगाएमा वा त्यस्तो दोष लगाएको कुरा प्रचार, प्रसार वा प्रकाशन गरेमा वा कसैको बेइज्जती हुने साधनको रुपमा प्रयोग गरिएको कुनै चिज जानीजानी बिक्री वा बितरण गरेमा,

*(ख)* मृतकलाई कुनै आक्षेप लगाइएकोमा त्यस्तो आक्षेप लगाउँदाका बखत निज जीवित रहेको भए निजको इज्जतमा धक्का पुग्ने रहेछ भन्ने जानीजानी निजको परिवार वा नजिकको अन्य नातेदारहरुको भावनामा चोट पु¥याउने नियतले कुनै आक्षेप लगाएकोमा,

३०७. बेइज्जती गरेमा हुने सजाय*:* *(१)* कसैले कसैको बेइज्जती गरे वा गराएमा निजलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

तर विद्युतीय वा अन्य आम सञ्चारका माध्यमबाट बेइज्जती गरे वा गराएमा त्यस्तो सजायमा थप एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

*(२)* कसैले कसैलाई बेइज्जती गरे वा गराएको ठहरिएमा बेइज्जती गरिएको व्यक्तिलाई कसूरको गम्भीरता, त्यस्तो व्यक्तिको प्रतिष्ठामा पर्न गएको असर तथा विद्युतीय वा अन्य आमसञ्चारका माध्यमबाट बेइज्जती गरेको भएमा त्यस्तो कुरा समेतलाई विचार गरी कसूरदारबाट मनासिब क्षतिपूर्ति र त्यस्तो व्यक्तिलाई कसूरदारबाट मुद्दामा लागेको खर्च समेत भराउनु पर्नेछ ।

*(ङ)* जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव *(*कसूर र सजाय*)* ऐन*,* २०६८

*४ (५) जातिय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव गरेको मानिने: (५) कसैले पनि जातिय छुवाछुत वा भेदभाव हुने कार्य गर्न कसैलाई भड्काउने, उक्साउने वा* ***त्यस्तो कार्य गर्न दुरुत्साहन हुने कार्य गर्न*** *वा त्यस्तो कुनै क्रियाकलापमा जानी-जानी सहभागी हुनु हुदैन।*

*४ (१२) कसैले कुनै पनि व्यक्ती वा समुदायलाई* ***श्रव्यदृष्य सामग्री,*** *लेख रचना, चित्र, आकार, कार्टुन, पोष्टर, पुस्तक वा साहित्यको प्रसारण, प्रकाशन वा प्रदर्शन गरेर वा* ***विधुतीय माध्यमबाट*** *वा अन्य कुनै तरिकाले कुनै व्यक्ति वा समुदायलाई त्यस्तो व्यक्ति वा समुदायको उत्पत्ति, जात वा जातिको आधारमा उच्च वा नीच दर्शाउन, जात, जाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठहर्याउन वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातिय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न वा गराउन हुदैन ।*

*७ (१) (क) दफा ४ को उपदफा (५) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन महिनादेखि तीन वर्षसम्म कैद र पचास हजार रुपैयाँ देखि दुई लाख रुपैयाँसम्म जरिबाना ।*

*७ (१) (क) दफा ४ को उपदफा (१२) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दुई महिनादेखि दुई वर्षसम्म कैद र बिस हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्म जरिबाना ।*

माथि उल्लिखित प्रचलित कानूनको व्यवस्थालाई हेर्दा प्रस्तुत विधेयकले नियमन गर्ने उद्देश्य लिएका कसुरहरुमध्ये थुप्रै कसुर प्रचलित कानूनले नै कसुरका रुपमा स्थापित गरिसकेको, कतिपय कसुरमा विद्युतिय माध्यम भनी स्पष्ट रुपमा उल्लेख नै गरिएको, कतिपयमा स्पष्ट रुपमा विद्युतिय माध्यम

भनी उल्लेख नगरिए पनि विद्युतिय माध्यममा ति कसुर भएमा ति प्रावधानहरुको प्रयोग हुनसक्ने अवस्था रहेको छ । प्रस्तुत तालिकामा विधेयकमा कसुर भनी उल्लेख भएका कार्यहरु प्रचलित कुन कानूनले समेट्छ भनी उल्लेख गरिएको छ।

| विधेयकको व्यवस्था | प्रचलित कानून |
|---|---|
| दफा २१: अनलाइन बुलिङ वा साइबर बुलिङ गर्ने | • विद्युतिय कारोबार ऐन, दफा ४७ |
| दफा २३: सामाजिक सञ्जालमा सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने कार्य गरेमा | • विद्युतीय कारोबार ऐन, २०६३, दफा ४७<br>• मुलुकी अपराध संहिता, २०७४, दफा ६५ |
| दफा २३: सामाजिक सञ्जालमा बालश्रम, मानव बेचबिखन, बहुविवाह, बालविवाह वा जातीय छुवाछुतलाई प्रोत्साहन गरेमा, | • मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, दफा १५ (२) (ज)<br>• जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८, दफा ४ (५) (१२)<br>• मानब बेचबिखन ऐन, २०६४ दफा १५ (१) ङ, ज |
| दफा २५: सामाजिक सञ्जालमा बाल यौन शोषण, यौन दुर्व्यवहार, मानव बेचबिखन वा बालबालिकालाई हानी पुऱ्याउने अन्य कर्यलाई प्रोत्साहन गरेमा, | • बालबालिका सम्बन्धी ऐन, दफा ६६(३), दफा ७२<br>• मुलुकी अपराध संहिता, २०७४ दफा २२५ |
| दफा २६: सामाजिक सञ्जालमा महिलालाई हानी पुग्ने सामग्री प्रकाशन वा प्रसारण गरेमा | • विद्युतिय कारोबार ऐन, दफा ४७<br>• मुलुकी अपराध संहिता, २०७४ दफा ११९, २२४ |
| दफा ३४: विपद्को समयमा अफवाह फैलाएमा, | • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, दफा २४ |

| | |
|---|---|
| | • मुलुकी अपराध संहिता, २०७४, दफा ७० |
| दफा ३५: अश्लिल, भ्रामक वा मिथ्या सामग्री प्रकाशन वा प्रसारण गरेमा, | • मुलुकी अपराध संहिता, २०७४, दफा १२१<br>• मुलुकी अपराध संहिता, २०७४, दफा ७० |
| दफा ३६: सामाजिक सञ्जालको प्रयोग गरी कसैको मानहानी गरेमा, | • मुलुकी अपराध संहिता, २०७४, दफा १२१ |
| दफा ३७: यान्त्रिक उपकरण मार्फत अर्काको कुरा सुनी ध्वनी अङ्ङ्कन गरेमा, | • मुलुकी अपराध संहिता, २०७४, दफा २९३<br>• वैयक्तिक गोपनियता सम्बन्धी ऐन, दफा १९ |
| दफा ३८ः सामाजिक सञ्जालमा गोप्य कुरा प्रकट गरेमा, | • मुलुकी अपराध संहिता, २०७४, दफा २९४<br>• वैयक्तिक गोपनियता सम्बन्धी ऐन, दफा १८ |
| दफा ३९: तस्विरको स्वरुप बिगारी प्रकाशन वा प्रसारण गरेमा, | • वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ , दफा १६ |
| दफा ४०: एकको तस्विर अर्कोलाई दिएमा वा बिक्री गरेमा, | • मुलुकी आपराध संहिता, २०७४ , दफा २९३<br>• वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ , दफा १६ |
| दफा ४१: गाली बेइज्जती गरेमा, | • मुलुकी अपराध संहिता, २०७४, दफा ३०५ , ३०६, ३०७, ३०८ |
| दफा ४२: वैयक्तिक गोपनीयता भङ्ग गरेमा | • वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ (परिच्छेद ९) दफा १९ |

यस ऐनमा समेटिएमा अधिकांश अपराधलाई प्रचलित कानुनले नै व्यवस्था गरेको र केहि नसमेटेको हकमा प्रचलित विषयसँग सम्बन्धित विशेष कानुनमा संशोधन गरी समावेश गर्न सकिने वा साइवर अपराधलाई नियमन गर्ने कानूनमा समावेश गर्न सकिने हुन्छ। प्रचलित

कानूनमा नसमेटिएका तर यस विधेयकमा समावेश गरिएका आतङ्कवाद सम्बन्धी विषयवस्तुको प्रकाशन वा प्रसारण गर्न नहुने (दफा २९), कसैको आइडी तथा सूचना ह्याक गर्न नहुने (दफा ३०), फिसिङ वा इम्पोष्टर स्क्याम गर्न नहुने (दफा ३१), र बीभत्स तस्विर, भिडियो पोस्ट वा सेयर गर्न नहुने (दफा ३२) लाई मुलुकि अपराध संहिता संशोधन गरी सम्बन्धित खण्डमा वा साइवर अपराधसम्बन्धमा सरकारले तयार गर्न लागेको कानूनमा समावेश गर्न सकिन्छ।

तथापी प्रस्तावित विधेयकको दफा २९ मा आतङ्कवाद सम्बन्धी विषयवस्तुको प्रकाशन वा प्रसारण गर्न नहुने भनी उल्लेख भएकोमा नेपालमा हाल आतङ्कवादका सम्बन्धमा कुनै पनि कानूनमा कुनै व्यवस्था नभएको र यस विधेयकले पनि आतंकवादसम्बन्धी विषयवस्तुलाई परिभाषित नगरेकाले त्यस विषयसँग सम्बन्धि कानून निर्माण गर्दा त्यसै कानूनमा समेट्न वा आतंकवादसम्बन्धी विषयवस्तु भनेको के हो भनी परिभाषा गर्न जरुरी देखिन्छ । त्यसैगरी दफा दफा २७ मा व्यवस्था गरिएको सामाजिक सञ्जालमा लागू औषध सेवन तथा कारोबार गर्न प्रोत्साहन सम्बन्धी प्रावधानलाई लागू औषधसम्बन्धी कानूनमा, दफा २८ मा व्यवस्था गरिएको सामाजिक सञ्जालको प्रयोग गरी जुवा खेलाएमा वा जुवा खेल्न प्रोत्साहन गर्ने कसुरलाई मुलुकि अपराध संहिताको जुवा सम्बन्धी प्रावधानमा, र दफा ३३ मा प्रस्तावित निर्वाचनलाई प्रभावित पार्न नहुने भन्ने प्रावधानलाई निर्वाचनसम्बन्धी कानूनमै समावेश गरिनु उपयुक्त हुन्छ ।

तसर्थ इन्टरनेटको सामाग्रीको नियमन कै लागि वा सामाजिक सञ्जालमा सामग्रीको नियमनका लागि छुट्टै कानुनको आवश्यकता पर्ने देखिदैन।

## ८. फौजदारी न्यायको सिद्दान्त विपरित

- **दोहोरो खतराको सिद्धान्त ।**

नेपालको संविधानको धारा २० को उपधारा (६) ले कुनै पनि व्यक्ति विरुद्द अदालतमा एकै कसुरमा एक पटक भन्दा बढि मुद्दा चलाइने र सजाय दिइने छैन भनि दोहोरो खतराको सिद्दान्तलाई अवलम्बन गरेको छ। त्यस्तै मुलुकी अपराध संहिताको दफा ९ ले पनि एउटै कसुरमा दोहोरो सजाय नहुने व्यवस्था गरेको छ। तर यस प्रस्तावित विधेयकको दफा ४७ ले गरेको व्यवस्था अनुसार यस विधेयक अन्तर्गत कसूर ठहरिने कुनै काम अन्य कुनै प्रचलित कानून बमोजिम पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कसूर उपर **छुट्टै कारबाही चलाई सजाय**

**गर्न** यस ऐनले बाधा पुऱ्याएको मानिने छैन भन्ने व्यवस्था गरेको छ। त्यसैगरी दफा ४४(३) मा **(३) दफा ४२ बमोजिमको कसूर गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम थप अनुसन्धान तथा कारवाही गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ** भन्ने व्यवस्था गरीएको छ। यस विधेयकमा सुचिकृत गरिएका अधिकांश कसुरहरुलाई प्रचलित कानूनले कसुरको रुपमा व्याख्या गरि सजायको व्यवस्था समेत गरेको छ। तर प्रचलित कानुन र यस विधेयकले एउटै अपराधमा फरक फरक सजायको व्यवस्था गरेको छ जसमा यस विधेयकको दफा ४७ अनुरुप एउटै कसुरमा प्रचलित कानूनको प्रयोग गरि दोहोरो सजाय हुने खतरा रहेको छ, जुन नेपालको संविधान, अपराधिक कानूनको सर्वमान्य सिद्दान्तको विपरित प्रावधान रहेको छ।

- **प्राकृतिक न्यायको सिद्धान्त विपरित**

यस विधेयकको दफा १७ ले सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले सामाजिक सञ्जालमा प्रकाशन वा प्रसारण कुनै सामग्री परिच्छेद-४ विपरीत सामाजिक सञ्जालमा प्रकाशन वा प्रसारण भएको भनी जानकारीमा आएको वा गुनासो प्राप्त भएको सामग्री र सामाजिक सञ्जाल व्यवस्थापन केन्द्र र सम्बद्ध निकायले सामाजिक सञ्जालबाट अस्थायी वा स्थायी रुपमा हटाउन निर्देशन दिएको सामग्री तोकिएको अवधिभित्र सामाजिक सञ्जालबाट हटाउनु पर्ने बाध्यकारी व्यवस्था गरेको छ। त्यस्तै सामाजिक सञ्जाल प्लेटफर्मबाट हटाउन निर्देशन दिइएको सामग्री नहटाउने सामाजिक सञ्जाल प्लेटफर्मलाई मन्त्रालयले पटकै पिच्छे दश लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ भन्ने व्यवस्था सोहि दफा को उपदफा (५) मा उल्लेख गरेको छ। यि प्रवाधानहरुले प्राकृतिक न्यायको सिद्दान्त विपरित व्यक्तिलाई आफु विरुद्द भएको उजुरीको जानकारी लिन पाउने र सफाई दिन पाउने संवैधानिक अधिकार विपरित केन्द्र वा सम्बद्द निकायले हटाउन भनेको सामाग्री सामाजिक सञ्जालबाट हटाउन पर्ने भन्ने बाध्यकारी व्यवस्था गरेको छ।

- **कसुरको निरपेक्ष दायित्व**

कार्य मात्रै हुदा नि अपराधिक दायित्व हुने गरि यस विधेयकले मनसायलाई अपराधको निर्धारक तत्वको रुपमा नलिई कसुरको निरपेक्ष दायित्व (strict liability) राखेको छ। जस्तै “साईबर बुलिङ" भन्नाले विद्युतीय सञ्चार उपकरण प्रयोग गरेर इमेल पठाई वा, फेसबुक, टिकटक, ट्वीटर, भाइबर, पिन्टरेस्ट, हाट्सएप, म्यासेन्जर, इन्स्टाग्राम, युट्युब, लिन्क्डइन, विच्याट,

च्याटरूम र वेबसाइट जस्ता सोसल नेटवर्क आदिको प्रयोग गरेर अक्षर, चित्र, आवाज, सङ्केत र दृष्य आदि पोस्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, रिपोस्ट, ट्याग वा मेन्सन गरेर अन्य व्यक्तिलाई निराश हतोत्साहित त्रसित बनाउने, धम्क्याउने, हैरान पार्ने, गालीगलौज गर्ने, गलत सूचना सम्प्रेषण गर्ने लगायतका कार्य सम्झनु पर्छ। यस परिभाषामा मनसाय बिनै गरिएको कुनै कार्य जस्ले अन्य व्यक्तिलाई निराश हतोत्साहित त्रसित बनाउने, धम्क्याउने, हैरान पार्ने, गालीगलौज गर्ने, गलत सूचना सम्प्रेषण गर्ने लगायतका कार्यलाई अपराधको रुपमा व्याख्या गरिएको छ, यस परिभाषामा मनसायलाई समावेश गरिएको छैन। निरपेक्ष दायित्व भएको कसुरमा कार्य र मनसाय मेल नभई पनि कसुर भएको मानिन्छ, यसको विपरित सापेक्ष दायित्व भएको कसुरमा मनसायलाई पनि समान महत्व दिएको हुन्छ। साइबर बुलिङ, हेट स्पिच, गलत र मिथ्या सुचना फैलाउने जस्ता कार्यमा मनसाय एक महत्वपुर्ण तत्व हो। कार्य र मनसायको मेल भएमा कसुरको भएको मानिनु पर्नेमा अपराध कानूनको सामान्य सिद्दान्तको विपरित मनसाय बिनैको कार्यलाई कसुर मानिनु अपराधिक दायित्वको सर्वमान्य सिद्दान्तको बर्खिलाप व्यवस्था यस विधेयकले गरेको छ।

साथै प्यारोडी, व्यङ्ग्य, कमेडी र मिमलाई राखि सृजनात्मक अभिव्यक्तिलाई पनि अपराधिक दायित्व सिर्जना गर्ने देखिन्छ, जुन संविधान प्रदत्त अभिव्यक्तिको स्वतन्त्रता, न्यायको सिद्दान्त र अपराधको दायित्वको सिद्दान्तको विपरित रहेको छ।

**९. सम्बन्धित ऐनले नदिएको अधिकारको उपयोग**

यस विधेयकको दफा ८ ले सूचना तथा प्रसारण विभाग, विज्ञापन बोर्ड, प्रेस काउन्सिल नेपाल, नेपाल दूरसञ्चार प्राधिकरण, र नेपाल प्रहरीलाई सम्बद्द निकायको रुपमा राखेको छ। सोहो दफाको उपदफा (२) ले सम्बद्द निकायको जिम्मेवारी व्यवस्था गरेको छ। तर ती निकायहरुलाई उक्त जिम्मेवारी वा अधिकारहरु ती निकायह स्थापना गर्ने सम्वन्धित ऐनले प्रदान गरेको छैन । उदाहरणका लागि नेपाल दुरसञ्चार ऐनले स्थापना गरेको नेपाल दूरसञ्चार प्राधिकरणको काम कर्तव्य अधिकारमा सामाजिक सञ्जालको निरिक्षण गर्ने प्रावधान कहि कतै उल्लेख छैन। त्यसै गरी प्रेस काउन्सिल ऐन, नेपाल प्रहरी ऐन, विज्ञापन (नियमन गर्ने) ऐनले ती निकायहरुलाई सामाजिक सञ्जाल नियमनको अधिकार वा जिम्मेवारी प्रदान गर्ने व्यवस्था गरेको छैन।

साथै यस विधेयकले सम्बद्द निकायलाई प्रदान गरेको अधिकारहरु असिमित पनि रहेको छ। जस्तै दफा ८ (२) को (घ) ले सामाजिक सञ्जाल सम्बन्धी गुनासो छानबिन गर्दा सामाजिक सञ्जालको कुनै सामग्री हटाउनुपर्ने देखिएमा सोको लागि सम्बन्धित सामाजिक सञ्जाल प्लेटफर्मको सम्पर्क बिन्दुमा लेखी पठाउने अधिकार दिएको छ, सम्बद्द निकायले हटाउनु भनेको सामाग्री सामाजिक सञ्जाल प्लेटफर्मले नहटाएमा १० लाखसम्म जरिबानको व्यवस्था गरेको छ।

यसरी सम्बन्धीत ऐनले नतोकेको काम, कर्तव्य, अधिकार कुनै अर्को ऐनबाट तोकिनु संबैधानिक व्यवस्था र कानूनको शासन विपरित हुन जान्छ ।

### १०. व्यक्तिवादि र सरकारवादि मुद्दाविचको अन्यौलता

कुनै पनि मुद्दा सरकारवादि हो कि व्यक्तिवादि हो त्यसले न्याय सम्पादनमा निकै महत्व राख्छ। मुद्दाको उजुरी कहाँ हुने देखि मुद्दाको पक्ष को को हुने, मुद्दाको कार्यविधि के हुने सबै कुराको मुद्दा व्यक्तिवादि हो या सरकारवादि हो ले निर्धारण गर्छ। यस विधेयकको दफा ४९ ले यस विधेयक बमोजिमको सबै कसुरलाई अनुसुचि-१ अनुसारको मुद्दा हुने भनेको छ।व्यक्ति आफै सकृय भएर मुद्दा लिएर जानु पर्ने मुद्दाहरुलाई पनि सरकारवादी बनाउदा सरकारलाई (प्रहरी, सरकारी वकिल र अदालत) लाई भार बढि हुनुका साथै राज्यको दायित्व र समयको पनि सहि उपयोग नहुने हुन्छ। त्यस्तै मुलुकी अपराध संहिताले अनुसुची-४ अनुसार व्यक्तिवादि हुने भन्नेका कसुरलाई पनि यस विधेयकले सरकारवादी हुने व्यवस्था गरेको छ, जसले गर्दा मुद्दाको उजुरी देखि नै कुन कार्यविधि अनुसार मुद्दा अगाडी बढाउने भन्ने दुविधा सिर्जना हुने देखिन्छ। सबै कसुरलाई मुलुकी अपराध संहिताको अनुसुचि- १ अन्तर्गतको  सरकारवादी मुद्दा बनाउन नपर्ने भएकाले कसुरको प्रकृति अनुसार व्यक्तिवादि फौजदारी वा सरकारी फौजदारी मुद्दामा वर्गिकरण गरिनु पर्ने देखिन्छ।

### ११. समानुपतिकताको सिद्दान्त विपरित

यस ऐनले प्रावधान गरेको कसुर र सजायको व्यवस्था समानुपतिकताको सिद्दान्त (Principle of Proportionality) को विपरित रहेको छ । सबै जसो कसुरमा एउटै सजायको व्यवस्था गरेको छ। उदाहरणका सामाजिक सञ्जालमा अफवाह फैलाउनु र सामाजिक सञ्जालमा बालश्रम, मानव बेचविखन, बहुविवाह, बालविवाह वा जातीय छुवाछुतलाई प्रोत्साहन गर्नु जस्ता कसुरको गम्भिर्यता

एउटै हुँदैन । तसर्थ यस विधेयकले प्रस्ताव गरेको प्रयोगकर्ताबाट हुने सबै किसिमका कसुरमा एउटै सजायको व्यवस्था (५ लाखसम्मको जरिबाना) वैज्ञानिक र समानुपातिक नभएको देखिन्छ। त्यसैगरी ऐनमा व्यवस्था गरीएको २५ लाख, १० लाख र ५ लाख जरिबानामा माथिल्लो सिमाको मात्र व्यवस्था गरिएको छ, तल्लो सिमाको व्यवस्था गरिएको छैन।

## १२. गम्भिर कसुरको कमजोर परिभाषा

यस विधेयकमा समावेश गरिएका केहि कसुरहरुलाई निकै कमजोर रुपमा परिभाषित गरिएको छ। उदाहरणका लागि यस विधेयकले ‘हेटस्पिच’ भन्नाले पोस्ट, सेयर वा कमेन्ट गरेको विषयले व्यक्ति, समूह वा समुदायमा हिंसा फैलने, सामाजिक सद्भाव विग्रने लगायतका दुष्परिणाम **निस्कन सक्ने खालका** आवाज, शब्द, तस्विर, भिडियो सम्झनु पर्छ भनेको छ। तर अन्तरराष्ट्रिय मापदण्ड अनुसार हेटस्पीच अन्तर्गत सामुदायिक पहिचानका आधारमा समुदायका सदस्यका विरुद्ध हिंसा फैलाउने किसिमका अभिव्यक्ति पर्दछन्। कुनै व्यक्ति विरुद्दको अपमानजनक अभिव्यक्ति/टिप्पणी र कुनै समुदायिक पहिचानमा आधारित हेटस्पिचको गाम्भिर्यता र परिणाम फरक हुन्छ। घृणायुक्त अभिव्यक्ति सम्बन्धि संयुक्त राष्ट्र संघको रणनिति तथा कार्ययोजनाले ‘हेटस्पिच’लाई “अभिव्यक्ति, लेखन वा व्यवहारमार्फत कुनै व्यक्ति वा समूहलाई उनीहरुको पहिचानको आधारमा, अर्को शब्दमा धर्म, जातियता, राष्ट्रियता, जाति, रंग, वंश, लिङ्ग वा अन्य पहिचानका आधारमा अपमानजनक वा भेदभावपूर्ण भाषा प्रयोग गरि गरिने कुनै पनि प्रकारको सञ्चार” हो भनि परिभाषा गरेको छ । घृणास्पद अभिव्यक्ति र गालि वेइज्जती वा अपमानजनक अभिव्यक्तिका विचमा गाम्भिर्यताको सिमा फरक हुन्छ। घृणास्पद अभिव्यक्तिलाई यसरी लचिलो ढंगले परिभाषा नगरी अन्तरराष्ट्रिय मापदण्ड र सिद्घान्त अनुरूपको बनाईनु पर्छ। साथै हेटस्पिटको अपवादको रुपमा प्यारोडी, व्यङ्ग्य, कमेडी र मिमलाई राखि सृजनात्मक अभिव्यक्तिका लागि  केहि  स्थान दिने प्रावधानहरू समावेश गरिनुपर्दछ।

## १३. कार्यकारी अधिकारको सिमाहिन व्यवस्था

यस विधेयकको दफा ३ ले सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई व्यवस्थित र  नियमित गर्नका लागि आवश्यक नीतिगत व्यवस्था गर्न एक सामाजिक सञ्जाल व्यवस्थापन परिषदको कल्पना गरेको छ, जसको काम, कर्तव्य र अधिकारका सम्बन्धमा दफा ४ मा व्यवस्था गरिएको छ। दफा ४ को उपदफा (ग) ले सामाजिक सञ्जालका सञ्चालक र प्रयोगकर्ताले पालना गर्नुपर्ने

शर्तहरु निर्धारण गर्ने अधिकार पनि यसै परिषदलाई दिएको छ। यस विधेयकको परिच्छेद ४ र परिच्छेद ५ ले क्रमश: सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले पालना गर्नुपर्ने शर्तहरु र सामाजिक सञ्जाल प्रयोगकर्ताले पालना गर्नु पर्ने शर्तहरु बारे व्यवस्था गरिसकेको अवस्थामा कुनै राजनितिक नेतृत्व भएको परिषद्लाई शर्तहरु निर्धारण गर्ने असिमित र अनावश्यक अधिकार दिँदा त्यस्तो अधिकारको दुरुप्रयोग भई नागरिकको सञ्चारको अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, गोपनियताको हक जस्ता संवैधानिक अधिकारहरुमा संकुचन हुने खतरा रहन्छ। ऐनले नै व्यवस्था गर्नुपर्ने वा गरिसकेको कुनै कार्य कार्यपालिकिय निकायलाई पून: तोकिनु आवश्यक छैन ।

त्यस्तै बहुमतको रायलाई परिषदको निर्णय मानिने भन्ने दफा ५ को उपदफा (५) को व्यवस्था छ, जहाँ सञ्चार तथा सूचना प्रविधि मन्त्री  अध्यक्ष रहने परिषदको सदस्यमा सोहि मन्त्रालयको सचिव र सहसचिव, नेपाल दुरसञ्चार प्राधिकारणको अध्यक्ष, सूचना प्रविधि विभागको महानिर्देशक, सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रको प्रमुख र मन्त्रालयले नै मनोनयन गरेको सामाजिक सञ्जाल प्लेटफर्मका सञ्चालक वा त्यस्तो सञ्चालकहरुको सङ्घ संस्थावाट २ जना प्रतिनिधी सदस्य हुने व्यवस्था रहेको छ । मन्त्री अध्यक्ष रहँदा निजकै अन्तर्गत काम गर्ने अन्य सदस्यले वस्तुगत रुपमा काम, निर्णय गर्न नसक्ने मन्त्री र मन्त्रालयको  प्रभाव (influence) ले मन्त्रीको निर्णय नै यस परिषदको निर्णय हुनेमा कुनै संका रहेको छैन।

**१४. सेन्सरसिपको खतरा**

यस विधेयकको दफा १६ को उपदफा (१) को (ङ) ले  नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, सामाजिक तथा धार्मिक सद्भाव विरुद्ध हुने वा सामाजिक तथा धार्मिक सद्भाव भड्काउने सामग्री प्रकाशन वा प्रसारणमा रोक लगाउने सक्ने अधिकार सामाजिक सञ्जाल प्लेटफर्मलाई दिएको छ। सामाजिक संजाल कम्पनिहरू विषयवस्तुका ज्ञाता होइनन् । उनिहरुमा कुनै विषय वा सामग्री सार्वभौमिकता, भौगोलिक अखण्डता, सामाजिक तथा धार्मिक सद्भाव विरुद्ध हुने वा सामाजिक तथा धार्मिक सद्भाव भड्काउने खालका हुन् वा होईनन् भनी निर्क्यौल गर्ने विज्ञता हुदैँन र यस्तो जिम्मेवारी उनीहरूलाई दिइनु पनि हुँदैन । सामग्री प्रकाशन वा प्रसारणमा रोक लगाउने सम्मको अधिकार प्राईभेट कम्पनिलाई दिदा पुर्व प्रतिबन्धको खतरा अझ

बढेर जाने देखिन्छ र यसले नागरिकको अभिव्यक्ति स्वतन्त्रतामा अनावश्यक बन्देज सिर्जना गर्नेछ।

१५. इन्टरनेटको पहुँच र प्रयोगमा बन्दाबन्दिको सम्भावना

हाल यस विधेयकको सामाजिक सञ्जालको परिभाषाले हामीले दिनहुँ निःशुल्क रूपमा प्रयोग गरिरहेका कैयौं वेब एपलिकेसनहरूको नियमनको अवस्था सिर्जना हुने देखिन्छ । त्यसैगरी बहुसंख्यक नेपालीका लागी इन्टरनेटमा पहुँच भनेकै सामजिक संजालमाथिको पहुँचको रूपमा रहेको छ। नेपालमा प्रचलित कतिपय सामाजिक संजाल कम्पनीहरू डिजिटल सर्भिस ट्याक्सको दायरामा दर्ता भई सकेका छन् तर यदि ति कम्पनीहरू यस विधेयकको दर्ता प्रक्रियामा आउन असमर्थ रहेमा वा नआएमा कतिपय इमेल, क्लाउड स्टोरेज तथा अन्य निःशुल्क प्रयोगमा आइरहेका उपयोगी एपहरू समेत बन्देजमा पर्ने र इन्टरनेटको प्रयोगमा एक तहको बन्दाबन्दी वा ब्ल्याक आउट हुन सक्ने जोखिम समेत देखिएको छ ।

१६. हदम्याद सम्बन्धी व्यवस्थाको अभाव

यस विधेयकले हदम्याद सम्बन्धी कुनै पनि व्यवस्था गरेको छैन। यदि विधेयक यसै स्वरुपमा ऐन बनेको खण्डमा यस विधेयक बमोजिम भएको कसुरमा कहिलेसम्म उजुरी लाग्ने हो भन्ने व्यवस्था नगरेकाले जहिले पनि मुद्दा लिएर जान सक्ने ढोका खुला रहनेछ । यसरी हदम्याद नै नराखि बनाइएको यस विधेयक  कानुनको सामान्य सिद्दान्त विपरित रहेको छ।

## अनुसुचि १

### सामाजिक सञ्जालको प्रयोग तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बिनेको विधेयकमा रहेका समस्याजनक प्रावधानहरूमा बुँदागत टिप्पणी तथा सुझाव

| दफा | प्रावधान | समस्या | सुझाव |
|---|---|---|---|
| प्रस्तावना | सामाजिक सञ्जालको प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित प्रयोग गर्न तथा सामाजिक सञ्जालको दुरुपयोगको कारण व्यक्ति र समाजमा पर्न सक्ने नकारात्मक प्रभावलाई निरुत्साहित गरी सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्द्नन गर्न सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार र जवाफदेही बनाई सामाजिक सञ्जालको सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले | - प्रस्तावनाले 'मर्यादित प्रयोग' का नाममा moral policing गर्ने कानून ल्याउन खोजेको जस्तो देखिन्छ।<br>- More control-oriented rather than promoting innovation and advancement in the social media platform industry.<br>- grammatical error | - कानूनको उद्देश्यका बारेमा स्पष्टता कायम गरिनुपर्ने।<br>- सामाजिक संजाल वा इन्टरनेटको सकारात्मक उपयोग तथा नवप्रवर्तन प्रवर्द्धनलाई उद्देश्यमा समेटिनुपर्ने ।<br>- वाक्य संयोजनमा सुधार गरिनुपर्ने। |

| | | | |
|---|---|---|---|
| २ (च) | (च) "साइबर बुलिङ" भन्नाले विद्युतीय सञ्चार उपकरण प्रयोग गरेर इमेल पठाई वा, फेसबुक, टिकटक, ट्वीटर, भाइबर, पिन्टरेस्ट, हाट्सएप, म्यासेन्जर, इन्स्टाग्राम, युट्युब, लिन्क्डइन, विच्याट, च्याटरूम र वेबसाइट जस्ता सोसल नेटवर्क आदिको प्रयोग गरेर अक्षर, चित्र, आवाज, सङ्केत र दृष्य आदि पोस्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, रिपोस्ट, ट्याग वा मेन्सन गरेर अन्य व्यक्तिलाई निराश, हतोत्साहित, त्रसित बनाउने, धम्क्याउने, हैरान पार्ने, गालीगलौज गर्ने, गलत सूचना सम्प्रेषण गर्ने लगायतका कार्य सम्झनु पर्छ। | व्यक्तिलाई निराश हतोत्साहित त्रसित बनाउने, धम्क्याउने, हैरान पार्ने जस्ता शब्दहरुको प्रयोगले यो प्रावधानको scope एकदमै broad भयो ।<br>अभियोजनको समयमा यस प्रावधानको दुरुप्रयोग हुने सम्भावना हुने।<br>(Example - Section 47 of the Electronic Transaction Act, 2006 contains a similar provision, which the government has used to curtail freedom of expression.)<br>- grammatical error | Need to include "intent" or mens rea element into the definition to distinguish between harmful behavior and legitimate expression, ensuring that only malicious actions are penalized.<br>व्यक्तिलाई निराश, हतोत्साहित गर्ने वा हैरान पार्ने जस्ता शब्दहरुले अभिव्यक्ति स्वतन्त्रताको अन्तरराष्ट्रिय मापदण्ड अनुरुप नहुने हुँदा त्यसलाई हटाईनुपर्ने । |
| २ (झ) | "सामाजिक सञ्जालको प्रयोग" भन्नाले **व्यक्ति, समूह वा संस्थागत पहिचान हुने गरी** कुनै अक्षर, चित्र, आवाज, सङ्केत र दृष्यलाई सार्वजनिक | **व्यक्ति, समूह वा संस्थागत पहिचान हुने गरी** | **व्यक्ति, समूह वा संस्थागत पहिचान हुने गरी** भन्ने व्यवस्था हटाइनुपर्छ। |

| | | | |
|---|---|---|---|
| | रुपमा प्रयोगमा आएको सामाजिक सञ्जालमा पोस्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, रिपोस्ट, ट्याग वा मेन्सन गर्ने लगायतका कार्य सम्झनु पर्छ। | - Right to remain anonymous is a fundamental component of our right to free speech<br><br>- anonymity is a major component of the internet and is also covered under digital rights.<br><br>- FoE under ICCPR ( article 19) can be subject of certain restriction ie a) for respect of the respect or reputations of others b) for the protection of national security or of public order, or of public health but the restriction must only such as provided by the law and are necessary<br>(General comment no 34) | |
| २ (ञ) | "सामाजिक सञ्जाल प्लेटफर्म' भन्नाले इन्टरनेट प्रयोगकर्ता व्यक्ति र समुदायका बीच विचार र जानकारी साझा गर्ने र सामाजिक अन्तरक्रिया गर्नका लागि विद्युतीय प्रविधिको माध्यमद्वारा साइबरस्पेसमा सिर्जना गरिएको एप, नेटवर्क, | - "…..सामाजिक अन्तरक्रिया …" भन्ने शब्दको प्रयोगले यो प्रावधानको scope लाई सङ्कुचित बनाएको छ।<br>- AI tool लाई सामाजिक सञ्जाल प्लेटफर्मको रुपमा | सामाजिक संजालको परिभाषा एक दुरूह कार्य हो र प्रायजसो देशहरुमा यसलाई कानूनी रुपमा परिभाषा गरिएको छैन। छिमेकी देशभारतमा सामाजिक संजाललाई intermediaries अन्तर्गत राखिएको छ र त्यसअन्तर्गत |

| | | | |
|---|---|---|---|
| | ब्लग, AI tools लगायतका सार्वजनिक रुपमा उपलब्ध प्लेटफर्म सम्झनु पर्छ। | define गर्न मिल्ने कि नमिल्ने? यो chat gpt लाई पनि सामाजिक सन्जाल प्लेटफर्म रुपमा राख्न खोजेको हो ? | सामाजिक संजालमात्र नभई Search Engine तथा OTT Platforms, नेटवर्क सेवा प्रदायक, क्लाउड सेवा प्रदायकहरु समेत समेटिएको छ। अहिले सामाजिक संजाललाई मात्र केन्द्रित गरी कानून बनाइएमा भोलि Search Engine तथा OTT Platforms, नेटवर्क सेवा प्रदायक, क्लाउड सेवा प्रदायकहरुका लागि पून: कानून बनाईनुपर्ने हुन्छ। उदाहरणका लागि मिथ्या तथा तथ्यहिन सूचना प्रवाह (Misinformation/Disinformation) फैलनमा search Engine को पनि भूमिका हुन्छ तर हामीले सामाजिक संजालको मात्र कुरा गर्यौं भने सर्च इन्जिनका लागि भोली फेरी अर्को कानून बनाउनुपर्ने हुन्छ। |

| | | | |
|---|---|---|---|
| २ (ड) | "हेट स्पीच" भन्नाले पोस्ट, सेयर वा कमेन्ट गरेको विषयले व्यक्ति, समूह वा समुदायमा हिंसा फैलने, सामाजिक सद्भाव विग्रने लगायतका दुष्परिणाम **निस्कन सक्ने खालका** आवाज, शब्द, तस्विर, भिडियो सम्झनु पर्छ। | - Against the international principles of 'Hate Speech'<br>- Hate Speech is carried out against community Identity<br>- It's a very low ceiling, and applicable even if there is 'possibility'<br>- In this definition, hate speech also encompasses derogatory comments or remarks against individuals. It does not differentiate between hate speech and derogatory comments. The seriousness and consequences of hate speech and derogatory comments or remarks are different, so we need to | विधेयकमा "हेट स्पीच" र घृणास्पद अभिव्यक्ति भनी दुई भिन्न शब्दावली प्रयोग भएकामा एकरूपता कायम गरिनुपर्ने।<br><br>"हेट स्पीच" को अन्तरराष्ट्रिय सिद्धान्त र मापदण्ड अनुसार परिभाषामा परिमार्जन गरिनुपर्ने।<br><br>सामान्य कसुरलाई "हेट स्पीच" जस्तो गम्भिर कसुरअन्तर्गत समावेश गरिन नहुने। र "हेट स्पीच" जस्तो गम्भिर कसुरका लागि जरिवाना मात्रको व्यवस्था उपयुक्त नहुने हुनाले कसुरको गम्भिरता अनुसारको सजायको व्यवस्था गरिनुपर्ने। |

| | | | |
|---|---|---|---|
| | | differentiate derogatory remarks from hate speech.<br>- Need to include "intent" mens rea element into the definition.<br>It is crucial to acknowledge the importance of freedom of expression, particularly in spaces for parody, satire and comedy. The guidelines should incorporate provisions that allow for creative expression, provided it remains within the bounds of respect and avoids harm. | |
| **परिच्छेद-२**<br>**सामाजिक सञ्जाल नियमन संरचना** | | | |

| | | | |
|---|---|---|---|
| ३ (२) | **सामाजिक सञ्जाल व्यवस्थापन परिषद्:** (१) सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई व्यवस्थित र<br>नियमित गर्नका लागि आवश्यक नीतिगत व्यवस्था गर्न एक सामाजिक सञ्जाल व्यवस्थापन परिषद रहनेछ ।<br><br>(२) उपदफा (१) बमोजिमको परिषद्मा देहाय बमोजिमका अध्यक्ष तथा सदस्य रहनेछन्:-<br>(क) सञ्चार तथा सूचना प्रविधि मन्त्री - अध्यक्ष<br>(ख) सचिव, मन्त्रालय - सदस्य<br>(ग) अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण - सदस्य<br>(घ) सामाजिक सञ्जाल प्लेटफर्मका सञ्चालक वा त्यस्तो सञ्चालकहरुको सङ्घ संस्थावाट प्रतिनिधित्व हुने गरी मन्त्रालयले मनोनयन | - परिषद् एकलौटि प्रकृतिको र मन्त्रालयको पूर्ण नियन्त्रणमा रहेको ।<br>- सञ्चार मन्त्रालय र मन्त्रालय मातहतको निकाय मात्रको बर्चश्व रहेको, सरकार हावी हुने डर,<br>- मन्त्री जस्तो राजनितिक व्यक्ति यस प्रकृतिको परिषदको नेतृत्वमा रहनु अनुपयुक्त ।<br>- मन्त्री अध्यक्ष रहँदा निजकै अन्तर्गत काम गर्ने अन्य सदस्यले वस्तुगत रुपमा काम, निर्णय गर्न नसक्ने ।<br>-<br>(घ) नेपाली नागरिक मात्र कि विदेशी पनि हुनसक्ने भनी स्पष्ट पारिनुपर्ने । | प्रस्तावित परिषद् मन्त्रालयको पूर्ण नियन्त्रणमा रहेको र परिषद्लाई तोकिएको नीतिगत कार्य मन्त्रालयले गर्दै नै आईरहेको र ऐनमा उल्लेख नै नभए पनि गर्न सक्ने भएकाले यस्तो परिषदको कुनै आवश्यकता छैन।<br><br>नीतिगत अध्ययन अनुसन्धान तथा सुझावका लागि स्वतन्त्र संयन्त्रको व्यवस्था गरिनुपर्ने। |

| | | | |
|---|---|---|---|
| | गरेको कम्तीमा एकजना महिला सहित दुई जना - सदस्य<br>(ङ) महानिर्देशक, सूचना प्रविधि विभाग - सदस्य<br>(च) सहसचिव, मन्त्रालय - सदस्य<br>(छ) प्रमुख, सामाजिक सञ्जाल व्यवस्थापन केन्द्र - सदस्य-सचिव | | |
| ४ | **परिषद्को काम, कर्तव्य अधिकारः**<br>(ग) सामाजिक सन्जालका सञ्चालक र प्रयोगकर्ताले पालना गर्नुपर्ने शर्तहरु निर्धारण गर्ने, | - नितिगत व्यवस्था गर्ने भनि बनाईएको परिषद्लाई सामाजिक सञ्जालका सञ्चालक र प्रयोगकर्ताले पालना गर्नुपर्ने शर्तहरु निर्धारण गर्ने अधिकार दिँदा कानूनको सारभुत पक्षमै असर पर्ने ।<br>- परिषद्ले चाहँदा जुनसुकै समयमा पनि सञ्जालका सञ्चालक र प्रयोगकर्ताले | नीतिगत व्यवस्थाका लागि कुनै परिषद बनाइने नै हो भने त्यसलाई सरकारी नियन्त्रणबाट बाहिर राखिनुपर्ने र ऐनले नै व्यवस्था गर्नुपर्ने 'सामाजिक सन्जालका सञ्चालक र प्रयोगकर्ताले पालना गर्नुपर्ने शर्तहरु निर्धारण गर्ने' जस्ता जिम्मेवारी त्यस्तो परिषद्लाई दिईन नहुने । |

| | | | |
|---|---|---|---|
| | | पालना गर्नुपर्ने शर्तहरुमा परिवर्तन हुन सक्ने । | |
| ७ | सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रको काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-<br>(क) सामाजिक सञ्जाल प्लेटफर्मको **नियमित अनुगमन तथा निरीक्षण गरी** प्रकाशन र प्रशारण गर्न **उपयुक्त नदेखिएका सामग्री** हटाउनको लागि सम्बन्धित सामाजिक सञ्जाल प्लेटफर्मलाई सम्पर्क विन्दुमार्फत निर्देशन दिने,<br><br>(घ) यस ऐन बमोजिम दर्ता नभएका वा सञ्चालन गर्न उपयुक्त नदेखिएका सामाजिक सञ्जाल पहिचान गरी बन्द गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने, | - नियमित अनुगमन तथा निरीक्षणले सरकारले constant surveillance गर्ने नियत राखेको देखिन्छ।<br>**(कुनै विषयमा उजुरी परेपछि हेर्ने हो कि नियमित रुपमा अनुगमन गर्ने हो?)**<br><br>**अनुगमन तथा निरीक्षण प्रकृया के हुने भन्ने वारेमा केहि उल्लेख छैन ।**<br><br>प्रकाशन र प्रशारण गर्न **उपयुक्त देखिएनन् भनी गरीने निर्णयको निर्णय प्रकृया के ??** | सामाजिक संजालमा कुनै कसुर भएमा वा सामाजिक संजालको दुरुपयोग भएमा त्यसमा अनुसंधान गर्नका लागि कानून कार्यान्वयन निकाय रहेकै अवस्थामा राज्य आफैले संविधानले सुनिश्चित गरेको गोपनियताको हक विरूद्ध हुने गरी नियमित अनुगमन गरिने व्यवस्था सर्वथा अस्विकार्य भएकाले यस्तो प्रावधान हटाईनुपर्ने । |

| | | | |
|---|---|---|---|
| | (छ) सामाजिक सञ्जाल प्लेटफर्म र सामाजिक सञ्जाल प्रयोगकर्तालाई नैतिकता र मर्यादामा रही विषयवस्तु सम्प्रेषण गर्न अभिमुखीकरण गर्ने<br><br>(ज) इकाइको काम कारबाहीको मासिक प्रगति प्रतिवेदन तयार गरी मन्त्रालय र परिषद्मा पेश गर्ने,<br>(ख) र (ज) दोहोरिएको<br>(ट) सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको व्यक्तिले यस ऐन विपरीतको कार्य गरेको पाइएमा कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने, | - **दफा ९(८) ले दर्ता नगर्दा नि हुने सामाजिक सञ्जालको कल्पना गरेको छ, यस दर्ता नभई सञ्चालनमा आएको सामाजिक सञ्जालको कानूनी status के हुने भन्ने प्रष्ट छैन।**<br>- (छ) **नैतिकता र मर्यादामा रही विषयवस्तु सम्प्रेषण गर्न अभिमुखीकरण** गर्ने भन्ने प्रावधानले मोरल पोलिसिंग गर्न खोजेको छ। | |
| ८ (२) (ग) | (२) सम्बद्ध निकायको जिम्मेवारी देहाय बमोजिम हुनेछः-<br>(ग) सामाजिक सञ्जाल सम्बन्धी गुनासो छानबिन गर्दा सामाजिक सञ्जालको कुनै सामग्री हटाउनुपर्ने देखिएमा सोको लागि सम्बन्धित | सूचना तथा प्रसारण विभाग, विज्ञापन बोर्ड, प्रेस काउन्सिल नेपाल, नेपाल दूरसञ्चार प्राधिकरण, र नेपाल प्रहरीले जुनसुकै बेला सामाजिक सञ्जालको | |

| | | | |
|---|---|---|---|
| | सामाजिक सञ्जाल प्लेटफर्मको सम्पर्क बिन्दुमा लेखी पठाउने, | कुनै सामग्री हटाउनका लागि सम्बन्धित सामाजिक सञ्जाललाई लेखी पठाउन सक्ने ।<br><br>७ (क) को सामग्री हटाउन निर्देशन दिने अधिकार एक निकायमा रहेकोमा यस प्रावधानले बहुनिकायमा प्रत्यायोजन हुंदा जुनसुकै निकायले जुनसुकै समयमा यस अधिकारको दुरुपयोग हुन सक्ने।<br><br>अनुसन्धान निकायका रुपमा रहेको नेपाल प्रहरीलाइ यो अधिकार दीन हुने वा नहुने<br><br>गुनासो छानबिनको प्रकृया के हो | |

| | | | |
|---|---|---|---|
| | | हटाउन लेखि पठाउने निर्णय कसरी हुन्छ? कुनै एक अमुक व्यक्तिले कुनै समितिले? | |
| **परिच्छेद-३**<br>**सामाजिक सञ्जाल प्लेटफर्म दर्ता र सञ्चालन** | | | |
| ९ (८) | (८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक लाख जनाभन्दा कम प्रयोगकर्ता हुने गरी **सञ्चालन गरिने सामाजिक सञ्जाल प्लेटफर्म दर्ता गर्नु पर्ने छैन।**<br><br>(९) उपदफा (८) बमोजिमका सामाजिक सञ्जाल प्लेटफर्मलाई सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रले तोकिए बमोजिम सूचीकरण गर्न सक्नेछ । | - प्रयोगकर्ता को परिभाषा के हो? नेपाल भित्रको प्रयोगकर्ता कि global प्रयोगकर्तालाई हेर्न सकिने?<br>- प्रयोगकर्ताको संख्या कसले निर्धारण गर्छ?<br>- ऐनको अन्य प्रावधान बाझिएको छ। ( दफा ७((घ) यस ऐन बमोजिम दर्ता नभएका वा सञ्चालन गर्न उपयुक्त नदेखिएका सामाजिक सञ्जाल पहिचान | |

| | | | |
|---|---|---|---|
| | | गरी बन्द गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने)<br>- दर्ता नभई सञ्चालनमा आउदा यस ऐन बमोजिमको दायित्व पूरा गर्न पर्ने हो होईन? | |
| ११ | (३) उपदफा (१) बमोजिम दर्ता भएका सामाजिक सञ्जाल प्लेटफर्मको मान्य अवधि एक वर्षको हुनेछ । | | |
| **१३. दर्ता खारेज हुनेः** | (ख) सामाजिक सञ्जाल प्लेटफर्मले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नुपर्ने शर्तको पटक पटक उल्लङ्घन गरेमा,<br>**(ग) सामाजिक सञ्जाल प्लेटफर्ममा सोको सञ्चालकले मुलुकको शान्ति सुरक्षा, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रहित प्रतिकूल सामग्री प्रकाशन गरेमा वा गराएमा,** | (ख) कति पटक ?<br>- Against the concept of Intermediary liablity (Existing provision of Section 43 of the Electronic Transaction Act)<br><br>“No network service provider shall be liable to bear any | |

| | | | |
|---|---|---|---|
| | (घ) सामाजिक सञ्जाल व्यवस्थापन केन्द्र वा सम्बद्ध निकायले दिएको निर्देशन पालना नगरेमा, | criminal or civil liability arising from any fact or statement mentioned or included in the information or data of the third party made available in electronic form by him/her merely on the ground that he/she has made available the access to such information or data."<br><br>Provided that, such a person or institution providing network service shall not be relieved from such liability, if he/she has made available access to such information or data with the knowledge that any fact or statement mentioned or included in such information or data | |

| | | | |
|---|---|---|---|
| | | contravene this Act or Rules framed hereunder. | |
| **१३(७)** | (७) उपदफा (२) वा (३) बमोजिम कुनै सामाजिक सञ्जाल प्लेटफर्मको दर्ता खारेज गर्ने प्रक्रिया प्रारम्भ भई उपदफा (५) बमोजिम दर्ता खारेज गर्ने निर्णय नभएसम्मको अवधिमा त्यस्तो सामाजिक सञ्जाल प्लेटफर्म सुचारू राख पाइने छैन। | - त्यस्तो सामाजिक सञ्जाल प्लेटफर्म सुचारू राख पाइने छैन what does it mean?<br><br>- SM platform has to stop the services? or the government will block the services? | |
| **परिच्छेद-४**<br>**सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले पालना गर्नुपर्ने शर्तहरु** | | | |
| **१६. सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले** | (क) प्रचलित कानून विपरीतका सूचना, विज्ञापन र सामग्रीको प्रकाशन वा प्रसारण रोक्ने गरी सामाजिक सञ्जालमा | (क) Promoting Prior Censorship<br>- कलन विधि के हो | |

| | | | |
|---|---|---|---|
| **पालना गर्नु पर्ने शर्तहरुः** | एलगोरिदम (कलन विधि) विकास गर्ने वा अन्य उपाय अवलम्बन गर्ने, | - अन्य उपाय के हुन? यस्तो व्यापक र खुल्ला शर्त उपयुक्त हो वा होइन?<br>- यस्ता उपायले अभिव्यक्ति स्वतन्त्रतामा असर नपार्ने सुनिश्चितता के हो (त्यस्तो सुनिश्चितता कानूनमा नै आवश्यक हुन्छ) | |
| | (ख) सामाजिक सञ्जाल प्रयोगकर्ताका वैयक्तिक विवरणको गोपनीयता कायम राख आवश्यक सुरक्षा मापदण्ड अवलम्बन गर्ने र यस्ता विवरण सार्वजनिक गर्न वा अन्य प्रयोजनमा प्रयोग गर्न नहुने, | • आवश्यक सुरक्षा मापदण्ड कसले निर्धारण गर्ने (यस्तो मापदण्ड सरकारले बनाउने हो कि सामाजिक सञ्जालले? उसले बनाएको मापदण्डले व्यक्तिको गोपनियता उल्लंघन भएमा के हुन्छ?)<br>• 'अन्य प्रयोजन' भनेको के हो अस्पष्ट भयो | |

| | | | |
|---|---|---|---|
| | | • सार्वजनिक गर्न पनि नहुने वा अन्य प्रयोजनमा प्रयोग गर्न पनि नहुने भनीएको अवस्थामा के कस्तो उद्देश्यका लागि प्रयोग गर्न हुने हो त? | |
| | (च) सामाजिक सञ्जाल प्लेटफर्ममा प्रकाशन वा प्रसारण भएका सामग्रीको तथ्यको जाँच गर्ने, | - के सामाजिक सञ्जाल प्लेटफर्मले प्लेटफर्ममा प्रकाशन वा प्रसारण भएका सबै सामग्रीको तथ्य जाँच गर्नु पर्ने हो?<br>- के यो व्यवहारिक रूपमा सम्भव छ?<br>- तथ्य जाँच भएको छ वा छैन भनेर कसले प्रमाणित गर्नुपर्ने हो?<br>- | |

| | | | |
|---|---|---|---|
| | (२) सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले यस दफा बमोजिमका शर्तहरु पालना नगरेमा मन्त्रालयले त्यस्तो प्लेटफर्म सञ्चालकलाई दश लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ । | दश लाख रुपैयाँसम्मको जरिबाना तिरेपछी पहिले गरिआएको कार्य/कसुरलाई नियमीतता दिन पाइने हो? अन्य | |
| **१७. सामाजिक सञ्जालबाट हटाउनु पर्नेः** | (१) सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले सामाजिक सञ्जालमा प्रकाशन वा प्रसारण भएको देहायको कुनै सामग्री तोकिएको अवधिभित्र सामाजिक सञ्जालबाट हटाउनु पर्नेछः- | तोकिएको अवधि | |
| | (क) परिच्छेद-४ विपरीत सामाजिक सञ्जालमा प्रकाशन वा प्रसारण भएको भनी जानकारीमा आएको वा गुनासो प्राप्त भएको सामग्री,<br>(१) (ख) सामाजिक सञ्जाल व्यवस्थापन केन्द्र र सम्बद्ध निकायले सामाजिक सञ्जालबाट अस्थायी वा स्थायी रुपमा हटाउन निर्देशन दिएको सामग्री। | - अस्थायी वा स्थायी सम्बन्धि व्यवस्था अन्य कतै पनि उल्लेख छैन।<br>- अस्थायी रूपमा कुन कुन अवस्थामा हटाउने हो स्थायी रुपमा कुन कुन अवस्थामा हटाउने हो ?<br>- को सँग गुनासो प्राप्त भएको सामग्री (केन्द्रलाई गरेको गुनासो कि | |

| | | | |
|---|---|---|---|
| | | सामाजिक सञ्जाल प्लेटफर्मलाई गरेको गुनासो) | |
| **१८. सम्पर्क विन्दु (पोइन्ट अफ कन्ट्याक्ट) को व्यवस्था गर्नु पर्नेः** | १८ (५) सम्पर्क विन्दुमा तथ्य जाँच (फ्याक्ट चेकिङ्ग) संयन्त्रको व्यवस्था गरी सोही आधारमा गुनासोको सुनुवाइ गर्नु पर्दछ। | तथ्य जाँच (फ्याक्ट चेकिङ्ग) संयन्त्रको कुनै परिभाषा छैन । यो मानविय हो कि मसिन (सफ्टवेयर) हो? यसबाट प्रयोगकर्ताको गोपनियतामा पर्ने असर आदिका बारेमा पनि ध्यान दिईएको छैन। | |
| **१९. सामाजिक सञ्जाल प्लेटफर्मले गुनासो व्यवस्थापन गर्नेः** | (१) नेपालमा सञ्चालनमा रहेका सामाजिक सञ्जाल प्लेटफर्मले आफ्ना प्रयोगकर्ताको गुनासो व्यवस्थापनको लागि द्रुत प्रतिकार्य सहितको प्रभावकारी संयन्त्र निर्माण गर्नु पर्नेछ । | अनलाइन कि अफलाइन | |
| **परिच्छेद-५**<br>**सामाजिक सञ्जाल प्रयोगकर्ताले पालना गर्नु पर्ने शर्तहरु** | | | |

| | | | |
|---|---|---|---|
| **२०. सामाजिक सञ्जाल प्रयोगकर्ताले पालना गर्नु पर्ने शर्तहरुः** | २० (१) (ख) मिथ्या सूचना, भ्रामक सूचना, दुष्प्रचार, सूचना तोडमरोड गरी प्रकाशन वा प्रसारण नगर्ने, | मिथ्या सूचना, भ्रामक सूचना, दुष्प्रचारको परिभाषा छैन | |
| | (घ) प्रचलित कानूनले निषेध गरेका क्रियाकलापहरू नक्कल वा सेयर नगर्ने, | अस्पष्ट | |
| **२२. बेनामी वा छद्मभेषी पहिचान (फेक आइडी) बनाउन वा प्रयोग गर्न नहुनेः** | (१) कसैले बेनामी वा छद्मभेषी पहिचान (फेक आइडी, पेज, ग्रुप) सिर्जना गर्ने, बेनामी वा छद्मवेशी पहिचान (फेक आइडी, पेज, ग्रुप) मार्फत विषयवस्तु (कन्टेन्ट) उत्पादन गरी सेयर गर्ने वा अरूको विषयवस्तु (कन्टेन्ट) सेयर गर्ने वा टिप्पणी (कमेन्ट) गर्ने वा कल गर्ने कार्य गर्नु हुँदैन। | बेनामी वा छद्मभेषी पहिचान सिर्जना गर्ने, बेनामी वा छद्मवेशी पहिचान मार्फत विषयवस्तु उत्पादन गरी सेयर गर्ने वा अरूको विषयवस्तु सेयर गर्ने वा टिप्पणी गर्ने वा कल गर्ने कार्य गर्नु हुँदैन भन्नेले anonymous रहेर पनि सामाजिक सञ्जालको प्रयोगलाई रोक लगाईको छ ।<br><br>-Right to remain anonymous is a | |

| | | | |
|---|---|---|---|
| | | fundamental component of our right to free speech<br>- anonymity is major component of internet and is also covered under digital rights.<br>- FoE under ICCPR ( article 19) can be subject of certain restriction ie a) for respect of the respect or reputations of others b) for the protection of national security or of public order, or of public health<br>but the restriction must only such as provided by the law and are necessary (General comment no 34) | |
| | (२) कसैले आफ्नो वास्तविक परिचय लुकाई अवास्तविक वा अरु कसैको नाम, तस्वीर वा दुवै दुरुपयोग गरी सामाजिक सञ्जालमा आइडी वा पेज वा ग्रुप खोल्न वा प्रयोग गर्न हुदैन। | | |

| | | | |
|---|---|---|---|
| **३३. निर्वाचनलाई प्रभावित पार्न नहुनेः** | (१) कसैले सामाजिक सञ्जालको प्रयोग गरी मिथ्या सूचना, दूष्प्रचार, सूचना तोडमरोड, द्वेषपूर्ण अभिव्यक्ति दिइ निर्वाचनलाई प्रभावित पार्न हुदैन। | hate speech or द्वेषपूर्ण अभिव्यक्ति | |
| **३४. विपदको समयमा अफबाह फैलाउन नहुने:** | **३४. विपदको समयमा अफबाह फैलाउन नहुने:** कसैले सामाजिक सञ्जालको प्रयोग गरी विपदको समयमा मिथ्या सूचना, दूष्प्रचार, घटनाको तोडमरोड गरी अफवाह फैलाउन हुदैन। | विपदको समयमा मात्रै? कुनै पनि समयमा अफवाह फैलाउन नहुने प्रावधान प्रचलित कानूनमा नै छ। यस्तो प्रावधानले झन दुविधा सिर्जना गर्दछ । | मुलुकी ऐन अपराध संहिताले अफवाह फैलाउन नहुने प्रावधान समेटिसकेको छ भने विपतका समयका बारेमा विशेष कानूनी प्रावधान आवश्यक नै छ भने विपतसम्बन्धी कानूनमा नै राख्न सकिन्छ। |
| **३५. अश्लील, मिथ्या वा भ्रामक सामग्री प्रकाशन तथा प्रसारण गर्न नहुनेः** | **३५. अश्लील, मिथ्या वा भ्रामक सामग्री प्रकाशन तथा प्रसारण गर्न नहुनेः** कसैले सामाजिक सञ्जालको प्रयोग गरी अश्लील शब्द, तस्वीर, भिडियो, अडियो एनिमेसन प्रसारण, प्रकाशन, टिप्पणी गर्ने, मिथ्या सूचना, भ्रामक सूचना, दुष्प्रचार, सूचना तोडमरोड गरी प्रकाशन वा प्रसारण गर्न हुँदैन। | | |

| | | | |
|---|---|---|---|
| **३६. मानहानी गर्न नहुनेः** | **३६. मानहानी गर्न नहुनेः** कसैले सामाजिक सञ्जालको प्रयोग गरी कुनै व्यक्तिको मान प्रतिष्ठा, इज्जतमा आँच आउने कार्य गर्न हुदैन। | | |
| **३७. अर्काको कुरा सुन्न वा ध्वनि अङ्कन गर्न नहुनेः** | **३७. अर्काको कुरा सुन्न वा ध्वनि अङ्कन गर्न नहुनेः** कसैले सामाजिक सञ्जालको प्रयोग गरी दुई वा दुई भन्दा बढी व्यक्तिहरुका बीचमा भएका कुनै कुरा अधिकार प्राप्त अधिकारीको अनुमतिले वा त्यसरी कुरा गर्ने व्यक्तिहरुको मञ्जुरी विना कूनै यन्त्रिक उपकरणको प्रयोग गरेर सुन्न वा त्यस्तो कुराको ध्वनि अङ्कन गर्न हुदैन । | | |
| **३८. गोप्य कुरा प्रकट गर्न नहुनेः** | **३८. गोप्य कुरा प्रकट गर्न नहुनेः** कसैले आफ्नो व्यवसायिक कामको शिलशिलामा कुनै व्यक्तिबाट थाहा पाएको निजको कुनै गोप्य कुरा कानूनले बाध्य गराएको वा त्यस्तो व्यक्तिले अनुमति दिएको अवस्थामा बाहेक सामाजिक सञ्जालमार्फत कसैलाई पनि प्रकट गर्नु हुदैन। | | |

| | | | |
|---|---|---|---|
| **३९. तस्वीरको स्वरुप बिगारी प्रकाशन वा प्रसारण गर्न नहुनेः** | **३९. तस्वीरको स्वरुप बिगारी प्रकाशन वा प्रसारण गर्न नहुनेः** (१) कसैले कुनै व्यक्तिको अनुमति बिना निजको तस्वीरसँग अरु कसैको तस्वीर राखी अर्को तस्वीर बनाउन वा सामाजिक सञ्जालमा प्रकाशन र प्रसारण गर्न हुदैन। | | |
| **४०. अनुमति विना एकको तस्वीर अर्कोलाई दिन वा विक्री गर्न नहुनेः** | **४०. अनुमति विना एकको तस्वीर अर्कोलाई दिन वा विक्री गर्न नहुनेः** कसैले सामाजिक सञ्जालको प्रयोग गरी कुनै व्यक्तिको तस्वीर निजको अनुमति विना अरुलाई दिन वा विक्री गर्न वा निजलाई झिझ्याउन वा सताउने, हैरान पार्ने वा निजबाट कुनै अनुचित फाइदा लिने वा तस्वीरको व्यापारिक प्रयोग गरी फाइदा लिने नियतले प्रकाशन गर्न, प्रचार वा खरिद विक्री गर्न हुदैन। | | |
| **४१. गाली बेइज्जती गर्न नहुने:** | **४१. गाली बेइज्जती गर्न नहुने:** कसैले सामाजिक सञ्जालको प्रयोग गरी अरू कसैलाई गाली बेइज्जती गर्न हुदैन। | | |

| | | | |
|---|---|---|---|
| | स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि कसैले कसैलाई होच्याउने नियतले अपमानजनक शब्दको प्रयोग गरेमा गाली गरेको मानिनेछ । | | |
| **४२. वैयक्तिक गोपनीयता भङ्ग गर्न नहुनेः** | **४२. वैयक्तिक गोपनीयता भङ्ग गर्न नहुनेः** (१) कसैले सामाजिक सञ्जालको प्रयोग गरी कसैको वैयक्तिक गोपनीयता भङ्ग गर्न हुदैन ।<br>(२) कसैको सामाजिक सञ्जालको प्रयोग गरी कसैको जीउज्यान, परिवार, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार वा तथ्याङ्कको गोपनीयता भङ्ग गरेमा उपदफा (१) बमोजिम वैयक्तिक गोपनीयता भङ्ग गरेको मानिनेछ । | | |
| **परिच्छेद-६**<br>**कसूर र सजाय** | | | |
| **४४. सजायः** | ४४ (१) (क): दफा ४४ को खण्ड (क) बमोजिमको कसूर गर्नेलाई पच्चीस लाख रुपैयाँसम्म जरिवाना, | • No lower ceiling for both the clause<br>• Only punitive damages (fines) | |

| | | | |
|---|---|---|---|
| | (ख) खण्ड (क) मा लेखिएदेखि बाहेक अन्य कसूर गर्नेलाई पाँच लाख रुपैयाँसम्म जरिवाना । | • Many of the offences under this section 43 are already covered in other existing provisions and have jail terms. However, this provision has lowered the punishment. | |
| | (३) दफा ४२ बमोजिमको कसूर गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम थप अनुसन्धान तथा कारवाही गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ । | Who will write that? Which agency to be referred to? for the violation of privacy, there is a separate law and separate procedure. Is this provision consistent with that procedure? | |
| **४७. प्रचलित कानून बमोजिम** | **४७. प्रचलित कानून बमोजिम सजाय गर्न बाधा नपर्नेः** यस ऐन अन्तर्गत कसूर ठहरिने कुनै काम | | |

| | | | |
|---|---|---|---|
| **सजाय गर्न बाधा नपर्नेः** | अन्य कुनै प्रचलित कानून बमोजिम पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कसूर उपर छुटटै कारबाही चलाई सजाय गर्न यस ऐनले बाधा पुन्याएको मानिने छैन। | | |
| | **४९. नेपाल सरकार वादी हुनेः** (१) यस ऐन वमोजिमको कसूरसँग सम्बन्धित मुद्दामा नेपाल सरकार वादी हुनेछ ।<br>(२) उपदफा (१) बमोजिमको मुद्दा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ । | प्रचलित कानूनले व्यक्तिवादि भन्नेको मुद्दालाई पनि यस ऐन सरकारवादी मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को अनुसूची-१ अनुसारको कसुर मानिनेमा छ। सरकारवादी हुने र व्यक्तिवादि हुने मुद्दाको फरक अदालतिय प्रकृया हुने हुदा, कुन ऐन अनुसार कामकार्वाहि हुनेमा दुविधा हुने देखिन्छ ।<br>- सबै कसुरलाई सरकारवादी मुद्दा बनाउन आवश्यक र उपयुक्त दुबै नहुने। | |

अनुसुचि २: सामाजिक सञ्जालको प्रयोग तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्ध आयोजना गरिएको कार्यक्रमका तस्विरहरू




Digital Rights Nepal








Carlsberg





